# परिच्छेद : एक

# परिचय

## १.१ शोध परिचय

नेपाल एसिया महादेशमा अवस्थित सानो भूमिवेष्ठित राष्ट्र भए पनि भौगोलिक, सामाजिक, धार्मिक एवम सांस्कृतिक विविधता भएको देश हो । विश्व मानचित्रमा नेपाल सानो राष्ट्र मानिने भएतापनि यसको आफ्नै पहिचान र विशेषता छन् । प्राकृतिक रुपले तीन भागमा विभाजित गरिएता पनि राजनैतिक हिसाबले ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको छ । यी मध्ये हाल पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धवलागिरी अञ्चलको केन्द्र स्थलको रुपमा रहेको बागलुङ जिल्ला अलौकिक प्राकृतिक सौन्दर्य पबित्र संगम स्थलको रुपमा परिचित छ ।[1]

विश्वमा भौगोलिक विविधताले चिनिएका धेरै स्थलहरु मध्ये नेपाल पनि प्राकृतिक छटाले भरिपूर्ण भएको देश हो । नेपालका धेरै ठाउँहरु प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छन् । त्यस्ता कतिपय महत्वपूर्ण स्थलहरुको प्रर्याप्त परिचय, अनुसन्धान र प्रचार प्रसारको अभावका कारणले ओझेमा परेका छन् । नेपाल एसिया महादेशमा अवस्थित सानो भूमिवेष्ठित राष्ट्र भए पनि भौगोलिक, सामाजिक, धार्मिक एवम सांस्कृतिक विविधता भएको देश हो । यो साढे २ करोड नेपालीले तेत्तिस कोटी देवता पुज्ने राष्ट्र हो । साथै विभिन्न धार्मिक संस्त्कारहरु गर्ने, मनोकामना पूरा गर्ने देवतालाई वलि दिइएका पशुको कलेजो हेरेर राम्रो नराम्रो छुट्टाउने समेत परम्परा रहेको यहाँका जातजातिहरु पनि छन् ।

नेपाली भूमिमा अवस्थित पशुपतिनाथ, गुहेश्वरी, स्वयम्भूनाथ, मुक्तिनाथ, गोरखनाथ, गोरखकाली, दक्षिणकाली, मनकामना, स्वर्गद्धारी, विन्ध्यवासिनी, तालबाराही, देवघाट, लुम्बिनी गोसाईकुण्ड, दामोदरकुण्ड, बराहक्षेत्र, गढीमाई, हलेसी महादेव, रिडीक्षेत्र, सत्यवती, गोप्यस्वर महादेव जस्ता ठाउँहरु प्रसिद्ध धार्मिक एवम पवित्र तीर्थ स्थलका रुपमा परिचित रहदै आएका छन् । यस्तै क्रममा पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धवलागिरी अञ्चल बागलुङ जिल्ला बाटाकाचौर गाउँ विकास समिति स्थित सत्यवती मन्दिर घना जंगलले ढाकेको एक प्रसिद्ध तिर्थ स्थल हो । पौराणिक काल देखि नै यस प्रसिद्ध तपोभूमिमा ऋषि

१. श्री ५ को सरकार सुचना तथा संचार मन्त्रालय, *मेची देखी महाकाली भाग ३,* काठमाडौंः सुचना तथा सञ्चार मन्त्रालय २०३१, पृ २९ ।

एवम् योगीहरुले सिद्धी प्राप्त गरेको विश्वास गरिन्छ । यस पवित्र धार्मिक स्थल सत्यवती मन्दिर पर्यटकीय महत्व भएको क्षेत्र पनि मानिन्छ । यो पर्यटकीय क्षेत्र तथा धार्मिक स्थल प्रशस्त लेखन कार्य र प्रचार प्रसारको अभावमा पर्यटकीय क्षेत्र बन्न नसकेको हो । राम्रो प्रचार प्रसार भएमा यस ठाउँको गरिमा बढ्नेछ । मानिसहरुको गन्तव्य स्थानमा हुने अस्थायी तथा छोटो क्रियाकलाप जहाँ तिनीहरु रहन्छन् विभिन्न कार्यहरु र गतिविधिहरु सम्पन्न गर्छन, लाई नै पर्यटक भनिन्छ । दैनिक भ्रमण वा एक्सकर्सन आदिलाई पनि पर्यटनकै हिस्सा भनिन्छ ।[२] नेपाल एक ऐतिहासिक स्थलहरु कोटहरु शक्तिपिठहरु, मठमन्दिरहरु, गुम्बा-विहारहरुले युक्त धार्मिक तथा सांस्कृतिक सम्पदाले शोभायमान देश हो । त्यसैले समाजको मेरुदण्डको रुपमा रहेको संस्कृति र सभ्यताको जननी धार्मिक सांस्कृतिक तथा ऐतिहासिक सम्पदा नै हुन भन्न सकिन्छ । यसर्थ मठमन्दिर तथा गुठी व्यवस्था र यससँग सम्बन्धित अभिलेख, तथ्ययुक्त कथन तथा जनश्रुतिका आधारमा सत्यवतीको ऐतिहासिक धार्मिक, सामाजिक एवम् वातावरणीय प्रभावको अध्ययन एवम् विश्लेषण गरिने छ ।

## १.२ समस्याको कथन

नेपालको विभिन्न धार्मिक स्थलहरु मध्ये सत्यवती मन्दिर पनि एक महत्वपूर्ण तीर्थ तथा पर्यटकीय स्थल हो । बागलुङ जिल्लाको वाटाकाचौर गाउँ विकास समिति वडा नं.९ मा रहेको लाखौ मानिसहरुको आध्यात्मिक आस्थाको केन्द्र रहदै आएको र पर्यटकीय तथा वातावरणीय महत्व भएको यस मन्दिरको ऐतिहासिकताको बारेमा हालसम्म तथ्यपूर्ण स्रोतका आधारमा पहिचान हुन नसक्नु नै यसको समस्या हो । त्यसैले यो शोध प्रयोजनका लागि निम्न प्रश्नहरुलाई शोध समस्याका रुपमा पहिचान गरिएको छ :

१. सत्यवतीको उत्पत्ति कहिले भयो ?
२. यसको धार्मिक, सामाजिक क्रियाकलाप र व्यवस्थापन पक्ष कस्तो छ ?
३. यस मन्दिरले यस क्षेत्रमा के कस्तो धार्मिक, सांस्कृतिक र वातावरणीय प्रभाव पारेको छ ?

२. खेमराज पोखरेल र गोविन्दमान सिंह कार्की, *पर्यटन र विकास,* काठमाडौं: अनुराग प्रकाशन, २०५५ पृष्ठ २ ।

## १.३ अध्ययनको उद्देश्य

प्रत्येक अनुसन्धान निश्चित उद्देश्य पूरा गर्नका लागि सम्पन्न गरिन्छ । यस अध्ययनका क्रममा पनि मूलतःनिम्न उद्देश्यहरु रहेका छन :

(क) सत्यवतीको उत्पत्ति, नामाकरण र ऐतिहासिकताबारे थाहा पाउनु ।

(ख) सत्यवती मन्दिरको धार्मिक, सांस्कृतिक क्रियाकलाप र व्यवस्थाप पक्षको चित्रण गर्नु ।

(ग) सत्यवती मन्दिरले यस क्षेत्रमा परेको धार्मिक, सामाजिक वातावरणीय प्रभाव सम्बन्धी अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्व

नेपालमा अवस्थित पवित्र तीर्यस्थल एवम् पर्यटकीय स्थलहरु मध्ये सत्यवती पनि पृथक महत्व भएको स्थल हो । अध्ययन,अनुसन्धान,प्रतिवेदन र लेख रचनाका माध्यमबाट यहाँका तथ्य र वास्तविकताहरु सार्वजनिक गर्न सकिने र यस क्षेत्रको धार्मिक ऐतिहासिक एवम् वातावरणीय महत्वको बारेमा पहिचान गराई यस ठाउँको गरिमालाई बढाउन सकिन्छ । आधुनिक सूचना र प्रविधिकको माध्यमबाट विकासको सम्भावना, ऐतिहासिक स्थलको संरक्षणको माध्यमवाट जन समुदायमा आध्यात्मिक चिन्तनको विश्वास जगाई, मानवीय सोच र चिन्तनमा थप उर्जा प्रदान गरी यस ठाउँको विकासमा समेत योगदान पुऱ्याउन सकिन्छ । प्रमाणित आधारमा अध्ययन गरी ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय महत्व र वातावरणीय प्रभावलाई जन समक्ष उजागर गरी स्थानीय जनसमुदाय तथा आन्तरिक र बाह्य पर्यटकहरु भित्र्याई मन्दिर, स्थान र क्षेत्रकै आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने हुनाले पनि यस अध्ययनको विशेष र पृथक महत्व रहेको छ ।

हाल धर्म, जात-जाति, भाषा, संस्कृति आदिमा एक आपसमा फरक-फरक र आपसमा बाझिने खालका तथ्याङ्कहरु, धार्मिक र ऐतिहासिक स्थलहरुका विषयमा देखिएका भ्रमपूर्ण तथा अनावश्यक व्याख्या, कतिपय कपोलकल्पित बढाई चढाई गरिएका सन्दर्भहरु समेत सबैको शोध एवम् अध्ययन, अनुसन्धान गर्दै धार्मिक, ऐतिहासिक र पर्यटकीय पक्ष झल्केका यस्ता अन्य मठ मन्दिरहरुको खोजी गर्ने अन्य अनुसन्धान कर्ता, लेखक एवम् जिज्ञासुलाई उत्प्रेरीत गर्ने यस अध्ययनको जमर्को रहेको छ ।

## १.५ अध्ययनको सीमा

नेपाल बहु धार्मिक, बहु-भाषिक, बहु सांस्कृतिको शोभायमान देश हो । यहाँ विभिन्न मठ मन्दिर गुठी भएका प्रसिद्ध ठाउँहरु छन् । ती सम्पूर्ण ठाउँको शोध अध्ययन सम्भव नभएकोले बागलुङ जिल्ला बाटाकाचौर गा.वि.स. वडा नं. ९ लाई भौगोलिक रुपले सिमाङ्कन गरिएको छ र बिषय वस्तुको हिसावले त्यहाँ अवस्थित सत्यवती मन्दिरको ऐतिहासिक, धार्मिक सांस्कृतिक तथा वातावरणीय प्रभावलाई यस अध्ययनको सीमा निर्धारण गरिएको छ । जसमा मन्दिरको उत्पत्ति, नामाकरण, धार्मिक जन विश्वास, समाजमा पारेको प्रभाव र पर्यटकीय सम्भावनाका बारेमा व्याख्या विश्लेषण र अध्ययन गरिएको छ ।

## १.६ पूर्व कार्यको समीक्षा

नेपालका मठमन्दिर, गुठी व्यवस्था, धार्मिक अवस्था, जनताको मन्दिर प्रतिको जनविश्वास र विभिन्न धार्मिक स्थलहरुको बारेमा विभिन्न विद्धानहरुले आ-आफ्नै ढङ्गले लेख तथा पुस्तकमा प्रकाशन नगरेका होइनन तापनि बाटाकाचौर गा.वि.स. स्थित सत्यवती मन्दिर सम्बन्धी अध्ययन, अनुसन्धान एवम् पुस्तक प्रकाशन भएका छैनन् । अन्य प्रकाशित सामग्रीमा यस बारेमा उल्लेख नभएपनि अन्य यस्तै मठ, मन्दिर सम्बन्धी केही सन्दर्भहरु उल्लेख गरिएका छन् । जसले यस अध्ययनलाई पृष्ठपोषण प्रदान गर्न सहयोग गरेका छन्

(क) खगेन्द्र निरौलाद्वारा लिखित “नेपाल परिचय” मा (नेपाल अध्ययन) नेपालको भौगोलिक अवस्था नदी नाला हिमाल, राजनैतिक अवस्था र विभिन्न मठ मन्दिरको बारेमा चर्चा भएपनि यस मन्दिरको बारेमा भने नभएको हुँदा यसको बारेमा अध्ययन गर्न खोजिएको छ ।

(ख) खेमराज पोखरेल र गोविन्द मान सिंह कार्कीद्वारा लिखित “पर्यटन र विकास” नामक कितावमा अनुराग प्रकाशन (२०५५) को पृष्ठ २ मा वातावरण र पर्यटन बारेमा चर्चा गर्न खोजिएको हुँदा अनुसन्धान कर्ताको शोधपत्रमा पनि वातावरणीय प्रभाव सम्बन्धी उल्लेख गर्न लागिएको हुँदा सहायक श्रोतको रुपमा यो उपयोगी रहेको छ ।

(ग) डा. दिल बहादुर क्षेत्रीद्धारा लिखित (२०५७) मा “सिद्ध शक्तिपीठ श्री विन्धयवासिनी तथा पोखराका केही मठमन्दिरहरु संक्षिप्त परिचय” भन्ने पुस्तक प्रकाशित गर्नु भएको छ । उक्त पुस्तकमा उहाँले पोखरा उपत्यकामा रहेका केही महत्वपूर्ण र परिचित मठ मन्दिर, गुफा, चैत्य स्तुपहरुको परिचय एवम् ऐतिहासिक पृष्ठभूमिको

छोटो विश्लेषण गर्नु भएको छ । समस्त मठ मन्दिर र गुम्बाहरुबाट पाइएका प्रमाणिक कागजी दस्तावेज र त्यस स्थलका चित्र पनि उक्त पुस्तकमा उल्लेख गर्नु भएको छ ।

(घ) जगमान गुरुङ्गले “गण्डकी प्रश्रवणक्षेत्रका तीर्थस्थलहरुको विश्लेषणात्मक अध्ययन” वि.सं. २०६० मा गण्डकी विकास क्षेत्र मातहतमा पर्ने विविध तीर्थस्थलहरुको राम्रो विश्लेषणगर्नु भएको छ ।

(ङ) पिताम्बर शर्माको (स्नातकोत्तर तहमा लिखित) “नेपालको लोकतान्त्रिक आन्दोलन २०६२/०६३” मा बागलुङ जिल्लामा रहेका मूख्य राजनीतिक दलहरु नेपाली काङ्ग्रेस, एमाले, माले, रा.ज.मा., राप्रपा., नेकपा माओवादीले आन्दोलनको बारेमा मात्र चर्चा गरिएको भए पनि बागलुङ जिल्लाको परिचय दिन उपयोगी रहेको छ ।

(च) पुरुषोत्तम ढकालद्वारा लिखित “मन्दिरै मन्दिरको देश नेपाल” (२०६२) नामक पुस्तकमा यस मन्दिरको नाम उल्लेख छ । त्यसमा कुण्ड सम्बन्धी संक्षिप्त वर्णन गरिएको थियो तर यसको उत्पत्ति, ऐतिहासिकता नामाकरण एवम् अन्य गतिविधि सम्बन्धमा उल्लेख गरिएको छैन ।

(छ) मेची देखि महाकाली भाग ३ पश्चिमाञ्चल विकास क्षेत्र (२०३१) सुचना तथा सञ्चार मन्त्रालय सुचना विभागको पेज नं. ६७५ मा देविस्थान, गलेश्वर महादेव उपल्लाचौर गलकोट, घुम्टे, बुर्तिवाङ, हटिया, राजकुट, वोवाङ, ढोरपाटन, मौकट, तमान, थन्थाप, बलेवा ठाउँको मात्र चर्चा गरिएको छ तर सत्यवती मन्दिरको वर्णन नगरिएको हुँदा वर्णन गर्न खोजिएको छ ।

यी माथिका विभिन्न पुस्तक तथा लेख, रचना र शोधपत्रहरुमा धर्म, संस्कृति र विभिन्न मठ मन्दिरहरुको बारेमा उल्लेख गरिए तापनि सत्यवती सम्बन्धी खासै अध्ययन नभएको हुनाले यस अध्ययनमा सत्यवती मन्दिरको ऐतिहासिक, धार्मिक तथा वातावरणीय अध्ययन गर्न लागिएको हो ।

## १.७ शोध विधि

कुनै पनि अध्ययनका लागि खास विधि अपनाउनु पर्ने हुनाले प्रस्तुत अध्ययनका लागि निम्न अनुसन्धान विधिको प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ । यसलाई शोधको

ढाँचा, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्कको विश्लेषण जस्ता उपशीर्षकहरुमा स्पष्ट गरिएको छ :

### १.७.१ शोधको ढाँचा

प्रस्तुत शोधकार्यमा सत्यवती मन्दिरको वरिपरिका मठमन्दिर, वातावरण, धर्मशाला, पाटी, पौवा र अन्य भग्नावशेष, पुरातात्विक सम्पदाको ऐतिहासिकताबारे खोज गरी तथ्यहरुलाई विश्लेषण गरी वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ । अन्वेषणात्मक र व्याख्यात्मक भए पनि ऐतिहासिक, धार्मिक हुनाले यसको ढाँचा वर्णनात्मक प्रकृतिको रहेको छ ।

### १.७.२ तथ्याङ्क संकलन विधि

अध्ययनलाई प्रमाणिक तथा तथ्य युक्त बनाउन प्राथमिक स्रोतबाट तथ्यहरु संकलन गर्ने विधिलाई मुख्य रुपमा अपनाइएको छ । भने प्राप्त प्राथमिक तथ्यहरुको वैद्यताका लागि द्वितीय स्रोतहरुबाट प्राप्त तथ्यहरुलाई पनि शोधमा उपयोग गर्ने विधि पनि अपनाइएको छ ।

### १.७.३ प्राथमिक स्रोत

शोधकर्ताको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नताबाट यस अध्ययनलाई प्रभावकारी ढंगले प्राथमिक तथ्यांकहरु संकलन गर्ने प्रयास गरिएकोछ । यस अर्न्तगत अवलोकन मुख्य सूचनादातासँगको अन्तवार्ता फोटोग्राफि जस्ता विधि अपनाइएको छ ।

#### (क) अवलोकन वा अन्वषेण

अध्ययनको क्रममा प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुका भ्रमण अवलोकन वा अन्वेषण गरी तथ्य संकलन गरिएको छ । यस क्षेत्रको ऐतिहासिकता दर्शाउने उद्देश्यले स्वयम्ले अवलोकन गरी तथ्यहरु संकलन गरिएको छ ।

लिखित प्रमाणहरु नभए पनि यस मन्दिरको धार्मिक, सांस्कृतिक अवस्थाको बारेमा प्रयोग गरिएका अधिकांश तथ्यहरु अवलोकनबाट प्राप्त भएका हुन् । अन्य स्रोतबाट प्राप्त तथ्यहरुलाई पनि अवलोकनबाट प्राप्त तथ्यसँग तुलना र विश्लेषण गरेर मात्र निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**(ख) अन्तर्वार्ता**

शोधका लागि यस स्थलसँग जानकारी राख्ने विभिन्न व्यक्तिहरुसँग अन्तवार्ता लिएर पनि तथ्यहरु संकलन गरिएको छ । यस क्रममा १० जना व्यक्ति मध्ये पूर्व गाबिस अध्यक्ष, स्थानीय बुद्धिजिवी, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष, पूर्वअध्यक्ष, सदस्य, पुजारी, पूर्व पुजारी, जिल्ला विकास समितिका पूर्व सभापति आदि पदाधिकारीसँग अन्तवार्ता लिइएको छ । यस क्रममा प्राप्त तथ्यहरुलाई तत्कालै टिपोट गरी प्रतिवेदन लेखनको क्रममा सन्दर्भसहित उपयोग गरिएको छ । अन्तवार्तामा सोधिएका प्रश्नहरु र अन्तरवार्ता दिने व्यक्तिहरुको सूची परिशिष्टमा उल्लेख गरिएको छ ।

**(ग) फोटोग्राफी विधि**

यस क्षेत्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्मारकहरु तथा भौगोलिक एवम पर्यावरणीय दृश्यहरुको फोटोमार्फत पनि तथ्य संकलन गरिएको छ । शोधलाई प्रमाणिक र विश्वसिलो बनाउन यस्ता तस्वीरमार्फत प्राप्त तथ्यहहरु पनि निकै उपयोगी बनेका छन् । यी फोटोहरु परिशिष्टमा राखिएको छ ।

### १.७.४ द्वितीय स्रोत

यस अध्ययनलाई सम्पन्न गर्न कतिपय पूर्व प्रकाशित पुस्तकहरु, ग्रन्थहरु, प्रतिवेदनहरु र पत्रपत्रिकाहरुमा प्रकाशित लेखहरुलाई पनि द्वितीय स्रोतको रुपमा उपयोग गरिएका छन् । विशेष गरेर यस क्षेत्रको ऐतिहासिकताको खोजीका लागि आवश्यक तथ्यहरु यस्तै द्वितीय स्रोतहरुबाट संकलन गरिएको छ । यस क्रममा विभिन्न पुस्तकालयहरु, संघ संस्थाहरु, संकलन कर्ताहरु र अनुसन्धान केन्द्रहरुमा सम्पर्क गरी आवश्यक सामग्री संकलन गरिएको छ ।

### १.७.५ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि

शोधकार्यको लागि आवश्यक तथ्यहरु संकलन गर्ने प्रयोजनार्थ शोधको समग्र क्षेत्रभित्र बागलुङ जिल्ला स्थित बाटाकाचौर गाउँ विकास समितिलाई लिइएको छ र त्यस क्षेत्रमा बसोबास गर्ने सबै समुदायलाई शोधको समग्र क्षेत्र मानिएको छ । अवलोकन र फोटोग्राफीको प्रयोजनका लागि पनि उक्त क्षेत्रलाई लक्ष्य गरी तथ्यहरु संकलन गरिएको छ । अन्तवार्ता प्रयोजनका लागि सबै बासिन्दासँग सम्भावना नभएकोले नमुना छनौट विधिबाट

अन्तवार्ताकारहरुको छनौट गरिएको छ । सबै बासिन्दाहरु यस क्षेत्रको इतिहास, धर्म र संस्कृतिबारेमा जानकार नहुने हुँदा अन्तवार्ताका लागि सुविधापूर्ण, स्वेच्छापूर्ण र सम्भावना रहित नमुना छनौट विधिको प्रयोग गरी यस विषयमा जानकार रहेका १० जना व्यक्ति मध्ये पूर्व गाविस अध्यक्ष, स्थानीय वुद्धिजिवी, मन्दिर व्यवस्थापन समितिका पदाधिकारीसँग अन्तवार्ता लिइएको छ । द्वितीय स्रोतबाट तथ्य संकलन गर्ने प्रयोजनका लागि भने प्राप्त भए सम्मका सबै पूस्तक र पत्रिकाहरु खोजी अध्ययन गरी तथ्यहरु संकलन र उपयोग गरिएको छ । स्वेच्छापूर्ण, सुविधापूर्ण र सम्भावनारहित नमुना छनौट विधि अपनाइएको हुँदा समग्र क्षेत्रको कुल घरपरिवार तथा जनसंख्या विवरण आवश्यक नभएको हुँदा ती कुराहरुको खोजी गर्नु आवश्यक ठानिएको  छैन ।

### १.७.६  तथ्यहरुको तालिकीकरण विश्लेषण र प्रतिवेदन लेखन

तथ्य संकलनका लागि प्राथमिक स्रोत अन्तर्गत अवलोकन, फोटोग्राफी तथा खुल्ला प्रश्नहरु सोधी अन्तवार्ता लिइएको हुँदा प्राप्त तथ्यहरु तालिकीकरण गर्ने किसिमका थिएनन् । द्वितीय स्रोतबाट प्राप्त तथ्यहरु पनि स्वाभाविक रुपले यस्तै थिए । अतः प्राप्त तथ्यहरुलाई तालिकीकरण गरिएको छैन । प्राप्त तथ्यहरुलाई प्रतिवेदन लेखनको क्रममा आवश्यक ठाउँमा सन्दर्भ खुलाएर शोधको नियमानुसार सोझै प्रयोग गरिएको छ ।

प्राप्त तथ्यहरुमा भिन्नता देखिएको अवस्थामा अवलोकनबाट प्राप्त तथ्यहरुलाई प्रमाणिक मानेर विश्लेषण गरिएको छ । बिभिन्न स्रोतहरुबाट प्राप्त तथ्यहरलाई विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरी शोध तयार पारिएको छ । प्रतिवेदन तयार पार्दा र द्वितीय स्रोतहरुको उदाहरण प्रस्तुत गर्दा त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभागमा प्रचलनमा रहेका पादटिप्पणी प्रस्तुत गर्ने विधि अनुशरण गरी प्रतिवेदन तयार पारिएको छ ।

### १.७.७ अध्ययनको क्षेत्र

नेपालको मध्यपहाडी क्षेत्रमा पर्ने बागलुङ जिल्लाको बाटाकाचौर गा.वि.स.का १६०० मिटर देखि १९०० मिटरसम्मको उचाइमा रहेको विशाल  पर्यटकिय क्षेत्र सहित बागलुङको बाटाकाचौर गाउँ विकास समितिको प्रत्यक्ष सम्बन्ध रहेको सत्यवतीको विविध पक्षको अध्ययन यस शोधकार्यमा गरिएको छ । यसमा बाटाकाचौरलाई अध्ययन क्षेत्र निर्धारण

गरिएको छ । विषयगत रुपमा सत्यवतीको मठमन्दिर भग्नावशेष गुफा, कुटीहरु, धर्मशालाहरु, मुर्तिहरु भएको स्थानमा, पूजाआजा, चाडपर्व, मेला आदि सबैको अध्ययन गरिएको छ । यस क्षेत्रबाट देख्न सकिने दृश्यहरु प्राकृतिक अवस्था, जैविक विविधता, स्वच्छ एवम् सुन्दरताका आधारमा पर्यटकीय सम्भाव्यता, ऐतिहासिकता तथा यथार्थ धार्मिक आस्था एवम् जनविश्वासका क्रियाकलापहरुका बारेमा विस्तृत अध्ययन गरिएको छ ।

## १.८ अध्ययनको संगठन

व्यवस्थित वैज्ञानिक अध्ययनलाई सहज र सरल बनाउनका लागि आवश्यकता अनुसार विभिन्न खण्डमा विभाजन गरिन्छ । त्यसै कारण यस अध्ययनलाई पनि निम्नानुसार विभाजन गरिएको छ ।

शोध अध्ययनलाई मुख्यतया ७ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, अन्तर्गत समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, अध्ययनको औचित्य, महत्व, पूर्वसाहित्य समिक्षा, शोध विधि र अध्ययनको संगठन प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा वागलुङ जिल्ला तथा बाटाकाचौर गा.वि.स.को भौगोलिक तथा ऐतिहासिक परिचय बारेमा उल्लेख गरिएको छ । तेस्रो परिच्छेदमा सत्यवती मन्दिरको सामान्य परिचय, सत्यवतीको उत्पती, उत्पती सम्वन्धी जनविश्वास आदि बारेमा उल्लेख गरिएको छ । चौथो परिच्छेदमा बागलुङ जिल्लामा रहेको सत्यवती मन्दिरको विविध क्रियाकलापहरु धार्मिक क्रियाकलापहरु, मनोरञ्जनात्मक क्रियाकलाप, पूजा व्यवस्थापन, पूजारी, पर्व तथा जात्राका बारेमा उल्लेख गरिएको छ र पाँचौ परिच्छेदमा सत्यवती मन्दिरको व्यवस्थापन समितिको नामावली, समितिको गुरुयोजना सम्बन्धी उल्लेख गरिएको छ । छैठौं परिच्छेदमा धार्मिक प्रभाव, आर्थिक प्रभाव, सामाजिक एवम् सांस्कृतिक प्रभाव र वातावरणीय प्रभाव बारे उल्लेख गरिएकोछ । सातौ परिच्छेदमा निष्कर्ष तथा सुझाव र अन्त्यमा सन्दर्भ ग्रन्थसुची परिशिष्ट तथा फोटोहरु राखिएको छ ।

# परिच्छेद : दुई

# बागलुङ जिल्ला एवम् बाटाकाचौको सामान्य परिचय

## २.१ बागलुङ जिल्लाको सामान्य परिचय

"नेपालका चौध अञ्चल मध्ये धवलागिरी अञ्चल एक रमणीय र पर्याटकीय स्थलको रुपमा रहँदै आएको छ । धवलागिरी हिमालको नामबाट नामाकरण भएको यो अञ्चल स्वदेशी र विदेशी पर्यटकहरुको आकर्षणको केन्द्र विन्दुको रुपमा रहँदै आएको छ । खासगरी धवलागिरी हिमाल चढ्ने, मुक्तिनाथको दर्शन गर्ने, र संसारको अग्लो झोलुङ्गे पुलमा सवार गर्नका लागि प्रसस्त मानिसको आवागमन भएको पाईन्छ । यसै अञ्चलमा अवस्थित ४ जिल्ला पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ्ग भध्ये वागलुङ जिल्ला एक महत्वपूर्ण जिल्लाको रुपमा रहेको छ । यस जिल्लाको नक्सा हेर्दा 'नेपाल भित्रको सानो नेपाल' भन्नुमा कुनै अत्युक्ति नहोला । यस्तै गरी यस जिल्लालाई 'झोलुङ्गे पुलको जिल्ला' भनेर भनिने गरेको पनि पाइन्छ ।

पश्चिमाञ्चल क्षेत्रको धवलागिरी अञ्चलमा रहेको यस बागलुङ जिल्लाको पूर्वमा पर्वत जिल्ला पश्चिममा रुकुम र रोल्पा जिल्ला उत्तरमा म्याग्दी जिल्ला र दक्षिणमा प्युठान र गुल्मी जिल्ला पर्दछन् । समुन्द्र सतहबाट १००० फिट देखि ७२४४ फिट सम्मको उचाइमा रहेको वाग्लुङ जिल्लाको क्षेत्रफल १७८४ वर्ग कि.मि. रहेको छ । विश्व मानचित्रमा हेर्दा यो जिल्ला २८° १५ देखि २८°३७ उत्तरी अक्षांस र ८३°०० देखि ८३°३६ पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लामा समशितोष्ण, ठन्डाशितोष्ण, लेकाली तथा हिमाली प्रकारको हावा पानी पाइन्छ ।[१]

यस जिल्लामा बाह्मण, क्षेत्री, मगर, कामी, दमाई, सार्की, नेवार, गुरुङ, थकाली, सन्यासी, ठकुरी, घर्ती, कुमाल, माझी, बाटे, चुरौटे गाईने, आदि जातिका मानिसहरु बसोबास गदै आएका छन् । यस जिल्लामा हिन्दू, बौद्ध, क्रिश्चियन र इश्लाम धर्मावलम्वीहरु रहेका छन् । यहाँ विभिन्न साँस्कृतिक पर्व र मेलाहरु लाग्ने गर्दछन् । चैत्राष्टमी मेला बागलुङ बजार र हुग्दीशिर क्षेत्रमा लाग्दछ । जिल्लाका विभिन्न ठाँउमा तिज मेला र शिवरात्री मेला लाग्ने गर्दछ । न्वागीमेला ग्वालीचौरमा लाग्दछ । अमरभूमि, बागालुङ र

---

[१] जिल्ला विकास समिति बागलुङ, *डिष्ट्रिक प्रोफाइल २०६४,* पृष्ठ १९ ।

दमेक गा.वि.स.हरु यस जिल्लाका नमुना गा.वि.स. हरुमा पर्दछन् । कालीगण्डकी बढीघाट, उत्तरगंगा, निशी, तमान, दरम, काठे, ठेउले, हुग्दी, लुग्दी, धापा, आदि यस जिल्लाका नदी र खोलाहरु हुन् । रुद्रताल, गाजाको दह र नीलदह यस जिल्लाका ताल र सत्यवतीको कुण्डहरु हुन् । यस जिल्लामा उत्पादन हुने खाद्यवालीहरुमा धान, कोदो, मकै, जौ, उवाँ, फापर आदि हुन भने तरकारीवालीहरुमा आलु, रायो, वन्दा काउली, सिमी, भटमास, केराऊ, बोडी, मास आदि हुन । फलफूलहरुमा नास्पति, अम्बा, सुन्तला, खुर्पानी, केरा, आँप, कटहर, आदि हुन् ।[२]

### २.१.१ बागलुङ जिल्लाको नामाकरण

प्रायजसो पहाडी भुभागमा रहेको यस जिल्लाको नामाकरण सम्बन्धी किंवदन्ति अनुसार कुनै समयमा यस ठाँउमा बाघहरूको संख्या प्रशस्त भई ताँती लगाएर हिड्ने हुनाले जनजीवन प्रभावित वन्न पुगेको र त्यस अवस्थाबाट मुक्ति पाउन आदिबासी जनजाति मगर समुदायका वलवान व्यक्तिहरुको सक्रियतामा बाघहरु लखेट्ने, काट्ने र मार्ने कार्यको थालनी भई बाघहरुको संख्या घटन गएको भन्ने जनश्रुति पाइन्छ । यस अर्थमा यस ठाँउको नाम 'वाघलुह वा व्याघ्रलु' रहन गई पछि सोही शब्दको अपभ्रंस हुँदै जाँदा यस ठाँउको नाम वागलुङ रहन गएको भनेर भनिन्छ ।"[३]

यस जिल्लाको सदरमुकाम बागलुङ बजारमा रहेको कालिका भगवती मन्दिर र त्यस ठाँउमा संरक्षित जंगललाई बाघ संरक्षित क्षेत्रको रुपमा राखिएको हो भन्ने कुरा नेवार समुदायका प्रतिष्ठित व्यक्ति हरी श्रेष्ठले बताउनु हुन्छ ।[४] यसरी सर्सती हेर्दा विभिन्नविद्धानहरुले विभिन्न तर्क प्रस्तुत गरेको पाइन्छ । वगलुङ शब्दको अपभ्रंश भई बाग्लुङ्ग रहन गएको हो । कसैकसैले 'बाग' भनेको वगैंचा र 'लुङ' भनेको समुह अर्थात वगैंचाको समुहबाट हुन गएको भनी भन्ने गरेको पाइन्छ । कसैले बाग्लुङ शब्द भोटे भाषा वाङचुङबाट अपभ्रंस भई बागलुङ रहन गएको भनी भन्दछन् ।[५] कतिपय अनुसन्धानकर्ताले त मगर भाषाबाट बागलुङ रहन गएको भनि बताएका छन् । मगर भाषामा वाङको अर्थ पहाड र लुङको अर्थ ढिस्का, ढुङ्गा भन्ने बुझिन्छ । तसर्थ पहाड र ढुङ्गा मिली बनेको हुदाँ यस

---

[२] ऐजन ।

[३] श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय, *मेची देखी महाकाली भाग ३,* काठमाडौंः सूचना तथा संचार मन्त्रालय २०३१, पृ.२९) ।

[४] हरि श्रेष्ठ, २०७०/१०/१९ अन्तरवार्ताबाट जानकारी प्राप्त ।

[५] लिला बहादुर थापा २०७१/०७/१० अन्तरवार्ताबाट जानकारी प्राप्त ।

जिल्लाको नाम बागलुङ हुन गएको भनेर बुझिन्छ । बाग्लुङ जिल्लाको नामाकरणको सम्बन्धमा आर्य र मंगोल दुबै भाषाको समिश्रण भएको पाइन्छ ।

### २.१.२ जिल्लाको राजनैतिक विभाजन

बागलुङ् जिल्लामा ५९ गाउँ विकास समिति र एउटा नगरपालिका रहेका छन् । यस जिल्लालाई तीन निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । सो को उल्लेख निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**निर्वाचन क्षेत्र नं. १**

| इलाका नं. | गा.वि.स. |
|---|---|
| १ | वा.न.पा. मालिका, तित्याङ, भकुण्डे, रायडाँडा |
| २ | पाला, भिमपोखरा, धम्जा, सिगाना |
| ३ | रेश, लेखानी, बिहुँ, तग्राम, नरेठाँटी, दुदिलाभाटी |
| ४ | हिल, तारा, हरिचौर, अर्गल, अमरभूमि |

**निर्वाचन क्षेत्र नं. २**

| इलाका नं. | गा.वि.स.हरु |
|---|---|
| ५ | पैयुपाटा, नारायणस्थान, अमलाचौर, कुश्मीशेरा, विनामारे |
| ६ | सर्कुवा, अर्जेवा, जैदी, छिस्ती, धुल्लुबाँसकोट |
| ७ | दमेक, प्यूथन्थाप, राङखानी, हुग्दिशिर, बाटाकाचौर |
| ८ | सल्यान, सुखौरा, मल्म काँडेबास, हतिया । |

**निर्वाचन क्षेत्र नं. ३**

| इलाका नं. | गा.वि.स.हरु |
|---|---|
| ९ | रणसिङकिटेनी, पाण्डवखानी, सिसाखानी, रिघा |
| १० | बुर्तिवाङ, राजकुत, बोवाङ, अधिकारीचौर |
| ११ | दर्लिङ, भिमगिठे, ग्वालीचौर, दगान्तुडाँडा, जल्जला |
| १२ | बुँगादोभान, खुंखानी, खुंगा, तमान |
| १३ | निशी, देवीस्थान, बोहोरागाँउ |

*स्रोतः निर्वाचन कार्यलय २०६८ बागलुङ ।*

### २.१.३ बागलुङ जिल्लाको जनसंख्या

२०६८ को जनगणना अनुसार बागलुङ जिल्लाको जनसङ्ख्या निम्नानुसार रहेको छ :–

**बागलुङ जिल्लाको जनसङ्ख्या**

| पुरुष | महिला | जम्मा |
|---|---|---|
| १,१९,०२१ | १,५०,९८८ | २,७०,००९ |
| अनुपस्थित संख्या | | |
| ३७८५१ | ४८३७ | ४२६५२ |

*स्रोत : निर्वाचन कार्यलय बागलुङ ।*

### २.१.४ प्राकृतिक स्रोत एवम् उद्योगधन्दा

यस जिल्लामा पाइने प्रमुख प्राकृतिक स्रोत एवम् उद्योग धन्दाहरु निम्न अनुसार छन् :

**प्रसिद्ध वस्तुहरु र प्राप्त हुने स्थान**

| क्र.स | प्रसिद्ध वस्तुहरु | प्राप्त हुने गा.वि.स.हरु |
|---|---|---|
| १ | नेपाली हाते कागज | तमान, बुँङ्गादोभान र ताराखोला |
| २ | राडीपाखी | पाण्डवखानी, बुँङ्गागादोभान, निशी र रणसिङकिटेनी |
| ३ | बुट्टेनली | जल्जला, अमरभूमि |
| ४ | स्लेट ढुङ्गा | अर्गल, अमरभूमि, ताराखोला, नरेठाँटी, हरिचौर र जैद्यी |
| ५ | कर्भिङ्ग ढुङ्गा | कुश्मिशेरा, अमलाचौर |

*स्रोत : जि.बि.स. प्रोफाईल र कृषि कार्यालय बागलुङ ।*

यस जिल्लाका सम्भावित खनिज पदार्थहरुमा तामा, फलाम, सिसा, सुन आदि हुन् । वन र वनस्पतिहरुमा यस जिल्लाको तल्लो भागतिर साल, शिशौ सिमल, बाँस, पिपल आदि पाइन्छ । भने मध्ये भागमा टुनी, उत्तिस, सल्लो, कटुश, चिलाउनी निगालो आदि पाइन्छ । भने उच्च पहाडी भागमा बाँझो खर्सु, लालीगुराँस, टिमुर, झियाने, गोब्रे,सल्लो आदि पाइन्छ । जंगली जनावर चितुवा, स्याल, मृग, फ्याउरो, लोखर्के, चरीबाघ, बाँदर आदि पाइन्छ । चराचुरुङ्गीहरुमा ढुकुर, गौथली, सुगा, काग, भगेरा, कालिज, मुनाल, धोविनी, चिबे, जुरेली आदि पाइन्छन् । यानीमाया, सालैजो, सोरठीनृत्य र घाटु नाच, लोकदोहोरी यस

जिल्लाको लोक संस्कृतिभित्र पर्दछन् । बागलुङ बजार, कुश्मीसेरा, हटिया, हरिचौर, बुर्तिवाङ, बरेङ यस जिल्लाका प्रमुख बजार क्षेत्रहरु हुन ।[६]

## २.२ बाटाकाचौर गाउँ विकास समितिको संक्षिप्त परिचय

बाटाकाचौर गाउँ विकास समिति बागलुङ सदरमुकाम देखि २० कोष दक्षिणमा पर्छ । यस बाटाचौर गाउँ विकास समिति क्षेत्रफल १९९.६५ बर्ग कि.मि. छ । यस गाउँ विकास समितिको पुर्वमा हुग्दिसिर गाउँ विकास समिति र पश्चिममा सुखौरा गाउँ विकास समिति र उत्तरमा हटिया गाउँ विकास समिति पर्दछ । यसको दक्षिणमा गुल्मी जिल्लाका शान्तीपुर गाउँ विकास समिति र ग्वाघा गाउँ विकास समिति पर्दछ । जुन परिशिष्टमा राखिएको बागलुङ जिल्लाको नक्सामा उल्लेख गरिएको छ । बागलुङ् जिल्लामा ५९ गाउँ विकास समिति र एउटा नगरपालिका रहेको जिल्ला हो ।

यस गाउँ विकास समितिमा प्रायसबै जातजातिको बसोबास रहेको छ । यहाँका प्रमुख जातजाती र तिनीहरुको जनसंख्या निम्नअनुसार रहेको छ :

**जातजाति अनुसार यस गाउँ विकास समितिमा रहेका मानिसहरुको जनसंख्या**

| जाति | पुरुष | महिला | कुल |
|---|---|---|---|
| क्षेत्री | ४१६ | ५५२ | ९६८ |
| मगर | ३८२ | ५०६ | ८८८ |
| ब्राह्मण | २८४ | ३९१ | ६७५ |
| सार्की | २४५ | ३६५ | ६१० |
| कामी | १९३ | २७८ | ४७१ |
| दमाई ढोली | ७१ | १०७ | १७८ |
| मुसलवान | १० | ९ | १९ |
| घर्ती भुजेल | ११ | ८ | १९ |
| अन्य | ८ | ११ | १९ |
| नेवार | ६ | ६ | १२ |
| जम्मा | १६२६ | २२३३ | ३८५९ |

*स्रोत : नेपाल सरकार केन्द्रिय तथ्यांक विभाग तथ्याङ्क कार्यालय बागलुङ, (२०६८) पृ. १५५ ।*

[६] *जि.वि.स. बागलुङ र कृषि विकास कार्यालयको मिति २०७०/१०/०५ मा भएको साक्षत्कार कार्यक्रमबाट जानकारी ।*

यस गाउँ विकास समितिको जनसंख्या २०६८ को जनगणना अनुसार ३८५९ जना रहेका छन् भने पुरुष १६२६ र महिला २२२३ रहेका छन् । जुन तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**गाउँ विकास समितिको जनसंख्या**

| वाड नं. | घर संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | १०९ | २८४ | १९६ | ४८० |
| २ | ९८ | २४६ | १६८ | ४१४ |
| ३ | १५९ | ३७५ | २९० | ६६५ |
| ४ | १४० | ३६१ | २५५ | ६१६ |
| ५ | ६२ | १६५ | १३२ | २९७ |
| ६ | २९ | ६५ | ५९ | १२४ |
| ७ | ६७ | १८८ | १३१ | ३१९ |
| ८ | ८३ | २१४ | १५१ | ३६५ |
| ९ | १२२ | ३३५ | २४४ | ५८९ |
| जम्मा | ८६९ | २२३३ | १६२६ | ३८५९ |

*स्रोत : नेपाल सरकार केन्द्रिय तथ्यांक विभाग तथ्यांक कार्यालय, (२०६८) बागलुङ ।*

यसको खेतीयोग्य जमिन खेत २५ हेक्टर पाखेबारी ८११ हेक्टर छ । यस बाटाकाचौर गाउँ विकास समितिमा धान खेती हुने खेत २५ हेक्टरमा मात्र छ । यस ठाउँमा बैशाखमा धानको विऊ राख्ने र जेष्ठ, आषाढ सम्ममा रोपी सक्ने प्रचलन छ । यहाँ केहि धनी मानिसहरु भने ५०/६० मुरी सम्म धान उत्पादन गर्दछन् । कमी हुने कृषकहरु सामान्य ३/४ मुरी सम्म उत्पादन गर्छन् । वर्षभरी खान नपुग्ने मानिसले र किसानहरुले चामल किनेर जीवन निर्वाह गर्ने चलन छ ।

यस बाटाकाचौर गाउँ विकास समिति मा ८११ हेक्टर पाखो बारी छ । बारीमा चैत वा बैशाखमा मकै छर्ने गरीन्छ । चैतमा छर्ने मकैलाई बैशाखे मकै भन्ने चलन छ । एक दिनमा एकहल गोरुले १ पाथी मकै सम्म छर्न सक्छन् । यस मकै भित्र कोदो रोप्ने गरिन्छ । कोदोको बिउ ब्याड बनायर जेष्ठमा राखिन्छ भने असार, साउनमा कोदो रोपिन्छ । कोदो कार्त्तिक वा मङ्सिरमा काटीन्छ । कोदोको रोटी वा ढिडो बनाएर खान्छन मकै छरेको केहि

बारीमा मात्र कोदो र बाँकी रहेको बारीमा गहुँ वा जौ छर्ने गरीन्छ । खेतमा धान काटेपछि मङ्सिरमा गहुँ छर्ने गरीन्छ । बारीमा पनि गहुँ छर्ने गरीछ । यो गहुँ चैत वा बैशाखमा काटीन्छ ।

यहाँ नगदे बालीको रुपमा आलु, अदुवा, बेसार, अलैची, लसुन, प्याज, खुर्सानी, बन्दा, काउली पनि खेती गर्दछन् । यहाँ फलफूल सुन्तला, बेलाउती, नास्पती, कटहर, खुर्पानी, आरु बढी हुने भएको हुदाँ २० घर परिवारको फलफुल खेतीको जीवन निर्वाह चलेको छ । यहाँ पशुपालनमा मानिसहरु गाई, भैसी, बाख्रा, कुखुरा पाल्ने गर्छन् । मानिसहरु व्यवसायिक रुपमा भने पाल्दैन्न ।

बंगुर, सुगुर र कुखुरा पनि पाल्ने गर्छन् । यिनीहरु व्यवसायिक रुपमा नभएर १,२ वटा मात्र पाल्ने गर्छन । यसले १० देखि २० वटा सम्म बच्चा जन्माउने र त्यो पनि प्रति गोटा रु २५००।- मा र मासु प्रति के.जी. रु २००।- विक्रि गर्छन । बाहुन क्षेत्रीले भने खान हुँदैन भन्ने धार्मिक परम्परा छ । जनजाति दलितले पाल्ने गर्छन ।

यहाँ मानिसहरु यातायातको सुविधा भएको हुदाँ ३० देखि ५० वटा पसल छ । यहाँ कपडा देखी किनारा गल्ला सामान पाइन्छन । किनबेच हुन्छ । बुटबल देखी बस, ट्रक, टेक्टर, जीप आउने भएको हुदाँ सामान ल्याएर विक्रि वितरण गर्ने व्यपारीहरुलाई निकै सहज भएको छ । सामान पनि सुपथ मुल्यमा नै पाइन्छ ।

यहाँबाट विदेशमा विभिन्न देशमा गएका छन् । भारत, साउदी अरव, दुवई, कतार, अमेरिका, जापान, र दक्षिण कोरियामा गएका छन् भने महिला २७ जना र पुरुष ५५१ गरी ५७८ जना विदेशमा छन् । यहाँ वार्ड नं. १ नि.मा.वि. र वार्ड नं. ३ मा एउटा उ.मा.वि. एउटा प्रा.वि. र एउटा वोर्डिङग विद्यालय छ । वार्ड नं. ४ मा एउटा प्रा.वि. र वार्ड नं. ६ र ८ र ९ मा पनि एक एक ओटा प्रा.वि. छन् । यहाँ स्वास्थ्य चौकी, इलाका प्रहरी कार्यालयका अतिरिक्त हुलाक पनि छ ।[७]

## २.३ सत्यवती मन्दिरको अवस्थिति

बागलुङ जिल्लाको सदमुकामदेखी दक्षिणमा वाटाकाचौर गाउँ विकास समिति पर्दछ । बाटाकाचौर गाउँ विकास समितिको पूर्वमा हुग्दीशिर ,पश्चिममा सल्यान उत्तरमा गल्कोट दुधिलाभाटी र दक्षिणमा गुल्मीको शान्तिपूर गाउँ विकास समिति पर्दछ । यो सत्यवती मन्दिर

[७] *२०७०/१२/२१ मा गरिएको प्रत्यक्ष अवलोकलबाट प्राप्त जानकारी ।*

वाटाकाचौर गाउँ विकास समितिको सबै भन्दा अग्लो स्थानमा पर्दछ । यसलाई साग्दीको डाँडाका नामले चिनिन्छ । यो मन्दिर हुग्दीशिर गाउँ विकास समिति वडा नं. ७ र ८ को दोसाँधमा पर्दछ । यस ठाउँमा बाटाकाचौर गाउँ विकास समितिका सबै वडाहरु र छिमेकी गाउँ विकास समितिहरु हुग्दीशिर, सल्यान, गल्कोट दुधिलाभाटी र गुल्मी जिल्लाको शान्तिपूर लगायतले अवलोकन गर्ने गर्छन ।

बाग्लुङ् जिल्लामा रहेका विभिन्न मन्दिरहरु मध्ये बाटाकाचौर गा.वि.स. अन्तर्गत वाड नं. ९ मा रहेको यस श्री सत्यवती मन्दिरको विशेषता छुट्टै प्रकारको रहेको छ । यस मन्दिरमा पुगी वर माग्नेहरुको मनोभावना पुग्दछ । त्यस कारण यस ठाउँमा विभिन्न ठाउँबाट यहाँ आउने गर्दछन् ।[८]

यस श्री सत्यवती मन्दिरमा विभिन्न ठाउँबाट आउने मानिसहरुलाई आफूले आटे अनुसार पुग्नी भएको हुनाले सबै आउने गर्छन् । जसले गर्दा श्री सत्यवतीको शक्ति ठूलो छ भन्ने कुरा प्रमाणित हुन्छ ।[९]

## २.४ सत्यवती मन्दिरको उत्पत्ति सम्बन्धी किंबदन्ती

प्रजापती मध्ये सवैभन्दा जेठा दक्ष नामका प्रजापती थिए । तिनकी विरणी नामकी पतिपरायण पतिव्रता स्त्री थिइन् । ती विरणी गर्मिणी भइन् । र दशमास पूर्ण भएपछि पुत्री जन्मिन् । पुत्री पाएपछि दक्ष प्रजापतिले ज्योतिषीहरुलाई डाकी उनको नाम सतीदेवी राखीयो । दक्ष प्रजापतिले दक्षिणा दिई विदा गरी ऋषिहरु आफ्ना आफ्ना कुटीमा गए । दक्ष प्रजापति र विरणीका गर्भदेखी तेत्तीस कोटी कन्या जन्मे र ती कन्याहरुलाई स्नेहपूर्वक पालन पोषण गरे । उनले आफ्नो ३३ कोटी छोरीहरु ३३ कोटी देवतालाई सुदिन ठहराई विवाह गरी दिए । तर जेठी छोरी सतीदेवीलाई मेरा छोरा छैनन् र सम्पतिको रक्षा गर्न राख्नै पर्छ भनि दिएनन् । [१०]

महादेवले नारद ऋषिद्वारा सवैकुरा थाहापाई आफ्नो मनले पनि विचार गरी ध्यानदृष्टिले विचार गर्दा मलाई सतीदेवी राखेका रहिछन् । भनी खुसी भए । त्यस वेला महादेव दक्षको घरमा गई मागे तर दक्ष प्रजाजतिले तिमीजस्ता विष, भाङ, धतुरो खानेलाई

---

[८] नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग, *जिल्ला वस्तुगत विवरण,* तथ्यांक कार्यालय बागलुङ ।

[९] स्थानीयवासी पूर्ण श्रीशबाट जानकारी प्राप्त

[१०] स्वामी प्रपन्नचार्य, *श्री स्वस्थानी व्रतकथा वाराणसी :* जय नेपाल प्रकाशन, सन् (१९५६), पृ. ११८ ।

म कमलपत्र जस्तो नेत्र भएकी ३२ लक्षणले युक्त भएकी पुत्री दिन योग्य छैन भनेर दक्षले साहै निन्दा गरेछन् । महादेवले म अवश्य विवाह गर्छु भनी विचार गरी वैकुन्ठमा भगवान् विष्णुको दरवारमा पुगे । महादेव आएको देखि आदरपूर्वक आसनमा राखेर भगवान् विष्णु भन्नुहुन्छ के कामले पाल्नु भयो भनी भगवान् विष्णुले प्रश्न गर्नु भयो । दक्षप्रजापतिसंग भएको सवै वृतान्तहरु महादेवले विष्णुसँग वेलीविस्तार लगाउनु भयो । जसरी भए पनि ती कन्या सत्यदेवी  मलाई परिदिने उपाय वनाइदिन पऱ्यो भनी महादेवले विष्णुसँग भन्नुभयो । भगवान् विष्णु दक्ष प्रजापतिको घरमा गई विभिन्न वाचा गराई ती सत्यदेवी आफूअलाई भनी मागेर आउनुभयो । विष्णुले दक्ष प्रजापतिसंग कन्यादान लिने क्रममा त्यो दान तपाईको हातमा पार्ने छु भनी महादेवलाई चित्त वुझाय । शुभ लगन परेको वेलामा जोगीको रुपमा विष्णुका हातमा दिने कन्यादान विभिन्न कपटी पूण तरिकावाट महादेवको हातमा विष्णुले पारिदिनु भयो । त्यसै बखत शिवजीसंग इशारा मागेर विष्णु वैकुण्ठ जानुभयो । संन्यासी स्वरुप भएको महादेवले सतीदेवीलाई भने हामी अब आफ्नो घरमा जानुपर्छ भनी आफ्ना मातापिता सित विदा मागेर कैलाश तर्फ जादा भए । त्यस पछि दक्ष प्रजापतिले अश्वमेध यज्ञ गर्ने गरी सामग्री तयार पारे र सवै देवता र छोरीज्वाइलाई बोलाए तर सतीदेवीलाई बोलाएनन् । निकै मनोरम यज्ञ थियो जसमा नारदजीले हेर्दा महादेव र सतीदेवीलाई देखेनन् । महादेव विनाको यो यज्ञ कसरी सफल होला भनी नारदजी कैलाश पर्वतमा जानुभयो । महायज्ञको सबै विवरण नारदले महादेवलाई सुनाए । तत्काल सतीदेवी हेर्न आउदा बाबुले महादेवको अपमान गरेको सुनी सहन नसकी अग्नी कुण्डमा हामफाली प्राण त्याग्नु भयो । महादेवले सतीदेवीको मृत शरीर बोकेर हिड्दा जहा-जहा सत्यदेवीको अंग पतन भयो त्यही ठाउँलाई त्यहाँको प्रमुख तिर्थस्थल मानिएको छ । यो मन्दिर पनि एक हुन सक्छ ।[११] किनभने सतीदेवीको अपभ्रंस भई सत्यवती रहन गएको हो भन्ने भनाई पाइन्छ ।

## २.५ सत्यवती मन्दिरको ऐतिहासिकता

महाभारत जस्तो विशाल माहाकाव्य, साथै १८ पुराण, रचना गर्नुको साथै वेद विभाजन गर्ने महान दुरदर्शी त्रिकालदर्शी वेदव्यास कृष्ण द्वैपायनलाई जन्म दिने वा यस धराधाममा, सर्वगुण सम्पन्न वुद्धि विवेकका खानी स्वरुप व्यासलाई उपहार गर्ने सत्यवती को थिइन ? व्रह्माजीका मानस पुत्र वसिष्ठ भए । उनकी धर्मपत्नी अदृश्यन्तीका गर्भबाट सय

[११] ऐजन पृ. ११९

छोराको जन्म भयो । ती मध्ये सवै भन्दा शक्तिशाली महामुनी पराशर थिए । जुन वालकले गर्भमै रहेर पराशर मुनीलाई फेरी वाँच्न प्रेरित गराइएकोले नाम "पराशर" राखिएको हो । वंश परम्परालाइ गर्भैदेखि पहिल्याउने तर्फ नलागेर सत्यवतीको जन्म वृतान्त कथा खोज्ने क्रममा पौरव पुत्र राजा उपिचर वसु वा धर्मशील मानदाता बसु राजकाज छोडेर तपस्यामा लागेका थिए । त्यस वेला देवराज इन्द्रले राजाले तपस्या होइन, प्रजापालन र सृष्टिकाम चलाउनको लागि प्रस्ताव गरे । त्यो कुरा राजाले स्वीकार गरेपछि इन्द्रले दिव्य आकाशचारी विमान दिनुभयो । चेदीराज बसु इन्द्र प्रदत विमानमा बसेर वहार गर्दथे । एक दिन कोलाहल नामको पर्वतले अमूक राजा दिव्यरुप धारिणी नदीलाई रोकी दियो । नदीको वेगरोकीएको देखेर राजा उपरिचर बसुले कोलाहल पर्वतलाई एक लात हाने । लात हान्दासाथ कोलाहल पर्वत चिरियो । वीचमा खाँद पर्न गयो र नदी पहिले झै वग्न थाल्यो । नदीको गर्भबाट जुम्ल्याहा छोरा र छोरी जन्मे । कोलाहलको अवरोध हटाइदिएकोमा खुसी भएर नदीले दुवै सन्तान राजालाई सुम्पिदिइन् ।[१२]

राजाले छोरालाई सेनापति वनाए र कन्यालाई आफ्नै धर्मपत्नी तुल्याए । पहिलो पाला ऋतुमति भएकी गिरिकाले सम्राट उपरिचरसँग ऋतुस्नान पछि ऋतुदानका लागि निवेदन पेश गरिन् । तर त्यस दिन पितृपक्ष आश्विन क्षाद्ध गर्ने दिन भएको हुदाँ राजा हिंस्रक जन्तुको सिकार गर्न वन तिर लागे । गिरिकाको निवेदन वाध्य भएर अस्वीकार गर्नु पऱ्यो । जुन वनमा राजा गए त्यो वन अत्यन्त राम्रो थियो । सुरम्य त्यस वनमा विहार गर्दा -गर्दा राजा ऋतुस्नाता रानीलाई सम्झन पुगे जसले गर्दा वीर्य स्खलित हुन पुग्यो,राजाले त्यस वीर्यलाई पातको खोचमा राखेर बाजको साथमा रानी राजा समक्ष पठाए । आकाशमा उड्दै गरेको वाजलाई आर्को वाजले देख्यो र आकाशमै दुवैको झम्टाझम्टी हुन थाल्यो । त्यो मारामारीमा अभोध वीर्य यमुनाको पानीमा खस्यो । त्यही ब्रहाजीको सराप परेर आद्रिका नामकी अप्सरा माछी वनेर वसीरहेकी थिइन् । आकाश वाट खस्दै गएको वीर्यलाई खाइदिइन् । दशौ महिना पछि त्यस माछीलाई माझीले जालमा पारेर घर ल्याई टुक्रा टुक्रा पारी हेर्दा त्यसको पेटमा मनुष्य बालक र बालिका पैदा भए । त्यो घटना राजा समक्ष पेश गरे राजाले छोरा आफूले लिए जसको नाम मत्स्य नारायण राखियो र छोरी माझीलाई नै

[१२] वसन्तकुमार शर्मा नेपाल, *गद्य महाभारत,* काठमाडौं साझा पुस्तक भण्डार (२०६३) पृ. ११७

दिए । माझीले लगेको छोरीको नाम मस्यगन्धा राखियो । पछि त्यही केटीको रुप सत्यले पूर्ण रहेकीले सत्यवती भनेर प्रसिद्ध रहयो ।[१३]

यस मन्दिरको ऐतिहासिकताका वारेमा भने उल्लेखनिय लिखित प्रमाण प्राप्त हुन सकेका छैन । यस मन्दिरको परिसरमा १७ वटा घण्टी छन् । जसमध्ये वि.सं. १८१० मा ऋषिराम न्यौपानेले चढाएको भनि उल्लेख गरेको हुदाँ त्यस भन्दा अघि सामान्य पूजा गरिने भएता पनि सानु मन्दिर निर्माण गरी पूजा गरिने कार्यको सुरुवात वि.सं. १८१० बाट नै सुरु भएको कुरा लिखित रुपमा प्रमाण पाउन सकिन्छ ।[१४]

## २.६ उत्पति सम्बन्धी धारण र यथार्थता

विश्वमा अनेकौ विभिन्न धार्मिक दार्शनिक मठ मन्दिरहरुका पुण्य धर्मस्थल र देवस्थलहरु प्रसिद्ध छन् । जहाँ लाखौ लाख मानिसहरु दर्शन गर्नले आत्मलाई शान्तिको मार्ग पहिलाउने शक्ति मिल्दछ ।

अतः यहाँ पनि चारैतिर हराभरा सौन्दर्य वृक्षले शोभा दिएको धार्मिक महत्व भएको श्री सत्यवती पवित्र देवस्थल प्रसिद्ध छन् । जुन ठाउँमा प्रत्येक पूर्णिमामा पूजा पाठ र बली दिनेहरुको भिडभाड हुन्छ । धान्यपूर्णिमाको दिन त हजारौँ लाखौ दर्शनार्थी भक्तजनहरुको घुईचो लाग्छ । पूजा पाठ दर्शन र बली चढाउनका लागि निकै भिडभाडका साथ अघि बड्छन् ।

अतः वि.सं. १८१० सालमा झाँक्री मनविर काउचालाई स्वपनामा “म सत्यवती बनको बिचमा छु । मलाई कसैले बास्ता गरेनन् ।” भनेका हुदाँ खोज तलास गदै जाँदा अति पवित्र ठाउँमा कुण्ड देखेर सत्यवती मन्दिरको स्थापना भएको हो ।

अन्य देवीदेवताहरु जस्तै यस सत्यवती प्रति उपस्थित हुने भक्तजनहरु यसको अथाहा शक्ति बारेमा भक्तिभाव एवं अथाह आस्था व्यक्त गर्छन् । यस मन्दिरमा रहेकी देवीको अपार दैवीशक्ति भएको कुरा धार्मिक ग्रन्थ लगायत किताबहरुमा समेत उल्लेख भएको पाइन्छ । यस मन्दिरमा विशेष गरेर मार्गशीर्ष पूर्णिमामा विशेष मेला लाग्छ । यस मेलामा बागलुङ, गुल्मी, पर्वत, कास्की, रुपन्देही, बाँके र काठमाडौंबाट समेत श्रदालु भक्तजनहरु आउने गर्छन् । यस मन्दिरमा आउने भक्तजनहरु अघिल्लो दिन नै आएर यस

[१३] वसन्तकुमार शर्मा नेपाल, *गद्य महाभारत,* काठमाडौं: साझा पुस्तक भण्डार २०६३, पृष्ठ १९ ।

[१४] ऐजन पृ. ११८

मन्दिर परिसरमा काठ, मुढा, दाउराको आगो बालेर बस्ने गर्छन् । यहाँ विभिन्न ठाँउबाट व्यापारी पनि आउछन् । स्थानिय स्तरमा फलेका सुन्तला, सखरखण्ड, तरुल बेच्ने चलन छ । एक दिनमा व्यापार गरेर वर्ष दिनलाई खान पुग्ने व्यापार हुन्छ । यस मन्दिरमा माघको पुर्णिमा स्वस्थानीको पूजा स्थापना र अन्तीम पूर्णिमामा पूजा हुदैन । किनभने स्वस्थानीमा वली चढ्दैन भन्ने विश्वास छ । अन्य पञ्चमी, सप्तमी, नवमी र पूर्णिमामा अन्य महिनामा समेत पूजा गर्ने चलन छ । यी समयमा समेत मानिसहरु बोका र परेवा लिएर वली दिन आउँछन् । मन्दिर व्यवस्थापन समितिले पूजा गर्ने व्यवस्था गरेको छ । पुजारी पनि बोलाइन्छ र विधि अनुसार पूजा गरिन्छ ।

यसरी सत्यवतीको उत्पति सम्बन्धमा महाभारतमा सत्यवतीको नाम उल्लेख गरिएको छ । श्री स्वास्थानीव्रत कथामा सतीदेवीको नाम उल्लेख भएको सतीदेवीको जहाँजहाँ अङ्गपतन भए त्यहाँत्यहाँ विभिन्न शक्ति पिठको उत्पती भई विभिन्न मन्दिर निर्माण भएका छन् । यसरी धर्ममा एउटा सज्जन असल चरित्र भएका पात्रहरु अर्को थरी खराब चरित्र असत्य भएका पात्रको द्वन्द्व र सत्यवादी असल चरित्र भएका विजय र खराब चरित्र भएका पात्रहरु पराजय भएको हाम्रा धार्मिक ग्रन्थमा उल्लेख भएको पाइन्छ । सत्यवती मन्दिरको स्थापना गर्ने क्रममा बाटाकाचौर गा.वि.स. वार्ड नं. १ निवासी ऋषिराम न्यौपानेले चढाएको घण्टीमा उल्लेख भएको "मिति वि.सं. १८१० मात्रृषिराम न्यौपानेले सत्यवती देवीको नाममा यो घण्टी चढाँए ।" भनी उल्लेख भएअनुसार वि.सं. १८१० देखि क्रमीक रुपमा चलेको पाइन्छ । हुग्दीशीर ८ निवासी झाकी श्री मनविर काउचालाई झाकी बस्दा त्यहा सत्यदेवी छन् । मन्दिर स्थापना गर्नुपर्छ भनि उल्लेख गरेको हुँदा त्यसै समय वि.सं. (१८१०) बाट नै चलेको पाइन्छ । यस सत्यवती अथाह शक्ति भएको हुँदा अनवरत रुपमा हालसम्म पनि पूजा आरधाना गरिन्छ ।[१५]

एउटी सेतै फुलेकी बृद्ध महिलाले त्यो पवित्र स्थानमा सफाई गदै रहेको एकजना पुरुषले अचानक देखेपछि ती बृद्धाले "तिम्रा सन्तान भरिपूर्ण सम्पति भरिपुर्ण होस भनि आशिर्बाद दिएको हुँदा उनका सन्तान भरिपूर्ण भएको थियो रे ।" ती आर्शिवाद दिने बृद्धा सत्यवती थिइन् भन्ने भनाई पाइन्छ ।[१६]

---

[१५] मन्दिर अगाडि रहेको घण्टा अभिलेखबाट प्राप्त जानकारी ।

[१६] ज्ञानेन्द्र न्यौपानेसँगको अन्तरवार्ताबाट प्राप्त जानकारी ।

# परिच्छेद : तीन

# सत्यवती मन्दिरको परिचय

## ३.१ हिन्दु धर्मको सामान्य परिचय

हिन्दुहरुको मुख्य धार्मिक ग्रन्थ ऋग्वेदमा हिन्द, हिन्दी तथा हिन्दु शब्द उल्लेख नभएर सिन्ध, सिन्धी तथा सन्धु शब्द उल्लेख भएको पाइन्छ भने सिन्धु सभ्यताबाट प्रभावित तत्कालीन फरस (हालको इरान) देशको प्रमुख धार्मिक ग्रन्थ अवेस्तामा चाहिँ सिन्ध सिन्धी तथा सिन्धु शब्द उल्लेख नभएर हिन्द हिन्दी तथा हिन्दु शब्द उल्लेख भएको पाइन्छ । तत्कालीन भारत वर्षमा रहेको सिन्धु नदीको वरिपरिको क्षेत्र र त्यहाँ वसोवास गर्ने निवासीहरुलाई वैदिक कालमा फारसीहरुले हिन्दु क्षेत्रर हिन्दु जाति भन्ने गर्थे । संस्कृत भाषाको स ध्वनीलाई फारसीहरुले "ह" भनेर उच्चार गरेकै कारणले तत्कालीन भारत वर्षको सिन्धू वासीन्दाहरुलाई पिनीहरुले हिन्दु भनेर उच्चारण गरेको आधारमा सिन्धुहरु नै हिनदू भनियबाट हिन्दु भन्ने शब्द पछिल्ला साहित्य पुराणहरुमा लेख्दै गए । [1]

करिब ५ हजार बर्ष अघिदेखि वर्तमान समयसम्म निरन्तर रुपमा अस्तित्वमा रहदै आएको विश्वको सबैभन्दा पुरानो धर्मको रुपमा हिन्दू धर्मलाई लिइन्छ । आत्मालाई अविनाशी मान्ने, मनुष्य जगतको पूर्व जन्मप्रति विश्वास तथा जातीय व्यवस्थामा आबद्ध अलौकिक विश्वासमा आधारित दर्शन नै हिन्दूवाद हो । हिन्दू धर्म बहु ईश्वरवादमा आधारित धर्म हो, जहाँ विभिन्न ईश्वरका स्वरुपप्रति मानिसहरु विश्वास गर्दछन । ससारको कुरा गर्ने हो भने विशेष गरी मित्रराष्ट्र भारत र हाम्रो देश नेपालमा बहुसंख्यक हिन्दूहरु छन् । अल्प संख्यक रुपमा पाकिस्तान, बंगलादेश, इन्डोनेशिया र दक्षिण अफ्रिकामा पनि हिन्दूहरु छन् । स्वर्ग, नर्क, मोक्ष, शुद्ध, अशुद्ध जस्ता पक्षहरु यस धर्मसँग जोडिएको छ । जसले गर्दा यस धर्ममा केही राम्रा पक्षहरु रहेका छन् भने केही रुढीवादी र अन्धविश्वास जस्ता पक्षहरु पनि परम्परा बनी समाजमा जरा गाडी रहेका छन् । हिन्दू धर्मसम्बन्धी अनेक ग्रन्थहरु ज्यादै प्राचीनकालदेखि रचना हुँदै आएका छन् । यो धर्मको विधि , विधान , देवी देउता, मान्यता, धर्म दर्शन आदि यिनै ग्रन्थहरुमा समेटिएका छन् । उक्त ग्रन्थहरु वैदिक धर्ममा विश्वास राख्ने प्राचीन समयका विद्वान, चिन्तक र दार्शनिकहरुले तयार पारेका हुन् । तिनै ग्रन्थहरुलाई आधार मानेर यो धर्मको संरचना तयार भएको छ । हिन्दू धर्म भनेर संसारमा

---

[1] भीमलाल लामिछाने, *हिन्दु धर्मको उत्पत्ति र विस्तार,* काठमाडौं पारु अपसेट, डिल्लीबजार (२०६४) पृ. १, २ र ३

चिनिनुको मुख्य कारण यसका आफ्ना छुट्टै विशेषता हुनु पनि हो, जुन सामान्यता निम्न अनुसारका छन् :

(क) सर्व प्रथम हिन्दू धर्ममा धेरै देवी देवताप्रति विश्वास रहनु प्रमुख रहेको छ ।

(ख) यस धर्ममा विभिन्न शाखा र उपशाखा रहनु ।

(ग) यि विभिन्न शाखा र उपशाखाहरुको देवी देवता सम्बन्धी आफ्ना छुट्टा छुट्टै धारण ।

(घ) देवी देवताको प्रतिमा स्थापना गरी पूजा उपासना गर्नु ।

(ङ) यस धर्ममा वर्ण र जातलाई समान महत्व दिनु ।

(च) धेरै वर्ण र जात रहे पनि अनेकतामा एकता कायम हुनु ।

(छ) सामाजिक संगठनको प्रारुप दिनु ।

(ज) मनोनैतिक आधारहरु प्रशस्त रहनु ।

(झ) धेरै मान्यता रहे पनि उच्चस्तरीय नैतिक मान्यतालाई आधार मान्नु ।

(ञ) त्रिऋण र पंचमहायज्ञको व्यवस्था हुनु ।

(ट) धर्ममा लचकता कायम रहनु ।

(ठ) हिन्दू धर्मको धर्मशास्त्र, दर्शन, साहित्य र व्याकरण सम्पन्न हुनु ।

(ड) विभिन्न प्रकारका संस्कारहरुलाई मान्यता दिनु ।

(ढ) आफ्नै प्रकारका चाडपर्व र उत्सवहरु हुनु ।

(ण) धर्मलाई मानव कर्तव्यको रुपमा अंगीकार गर्नु आदि ।[२]

समग्रमा संसारका विभिन्न धर्मका विशेषताहरुलाई तुलना गरेर हेर्दा हिन्दू धर्म र संस्कृति ज्यादै उन्नत छ । यसले समाज सञ्चालन गर्न आवश्यक पर्ने विषय वस्तु देखि लिएर राज्य सञ्चालन पद्धतिलाई समेत समेटेको पाइन्छ, जुन एउटा ठूलो उपलब्धि रहेको छ ।

## ३.२ शाक्त धर्म

### परिचय

शाक्त धर्म भन्नाले शक्ति देवीहरुलाई पुजीने सम्प्रदाय बुझिन्छ । प्राचीन कालमा शक्ति स्वरुप एउटा मात्र देवीलाई पूजा गर्दा मातृका स्वरुप पूजा गर्ने चलन लिक्ष्वी कालसम्म आइपुग्दा सात वटा शक्ति देवीलाई सप्त मातृका भनिन्छ । प्राचीन कालीन

---

[२] अमृता गुरुङ्ग, *'श्री भद्रकाली मन्दिरको सामाजिक, सांस्कृतिक, पर्यावरण सम्बन्धी ऐतिहासिक अध्ययन,'* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा : त्रि.वि.वि. इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, २०६४, पृष्ठ २० ।

समयमा पार्वतीले त्यस वेला राक्षसहरुको विगविगीलाई समाप्त गर्न विभिन्न स्वरुप लिनु परेको थियो । जस्तो पार्वतीले आफ्नो शरीरबाट अम्बीकालाई निकाल्दा कालो रंगको रुप देखियो । त्यसैबाट उनलाई कालीका नाम दिइयो । त्यसको साथ साथै अम्बीकाले सुम्भ निसुम्भ नामक दैत्यलाई संहार गरेर सम्पूर्ण प्राणीहरुको हित गरेकी हुनाले उनको आवश्यकता र महत्व पनि देखा पर्न आयो । त्यसैले क्रमशः विभिन्न देवताहरुको शक्तिलाई सोही नाम प्रदान गरी तिनीहरुको पूजा र प्राथना हुन थाल्यो । जस्तै : वैष्णी, बाराही, महेश्वरी, कौमारी, इन्द्राणी, ब्राह्मी यमीलाई क्रमशः विष्णु, बराह, महेश (शिव) कुमार, इन्द्र, ब्रह्मा र यमको शक्तिको रुपमा मान्यता दिने प्रचलनको विकास बढ्दै गयो । मध्यकालमा आइपुग्दा अष्ठ मातृकाको विकास भयो । त्यसपछि नवदुर्गा हुँदै दश महाविद्याको विकास भएको पाइन्छ ।[३]

**शाक्त धर्मको प्रारम्भिक इतिहास र विकास**

हिन्दु समाजमा प्रचलित धेरै सामाजिक-धार्मिक परम्पराको अनुशीलन गर्दै जाँदा ऋग्वेदबाटै यस्तो धेरै कुराहरु निःसृत भएको पाइन्छ । धर्म विषयको कुरो गर्ने हो भने ऋग्वेदमा कुनै साङ्गठित धार्मिक सम्प्रदायको अस्तित्व देखिदैन्, कारण, त्यहाँको धर्म एकेश्वरवादी होइन । ऋग्वेदमा मित्र, रुद्र, उषा, विष्णु, सविता, अश्विन, अग्नि, मरुत, प्रजापति, इन्द्र, शची आदि देव-देवीहरुको उल्लेख छ । कुनै देवताको स्मृति संक्षेपमा गरिएको छ । कुनै श्लोकहरुमा । त्यस्तै देवताहरुलाई स्वर्ग, अन्तरिक्ष, र पृथ्वी गरी तीन खण्डमा विभाजीत गरिएको छ । यस बाहेक देवताहरुलाई ठूलो सानोमा वर्गिकरण गर्ने अरु आधार छैनन् । देवीहरुमध्ये उषाको वर्णन ऋग्वेदमा परेको छ र यो प्रशंशात्मक रुपको छ । ऋग्वेदमा शत्तिको स्पष्ट उल्लेख  छैन, तर त्यहाँ पत्नीका रुपमा वर्णित 'शची' लाई कसै कसैले शत्तिको पर्याय मान्दछन् । उषा र शचीबाहेक ऋग्वेदमा 'वाक्' को पनि नाउँ छ वाकदेवीलाई ऋग्वेदको एउटा सुत्तमा एकादश रुद, वसु, चन्द्र-सूर्य विश्वदेव ,पृथ्वी र अन्तरिक्ष्लाई समेत धारणा गर्ने शक्ति भएकी भन्दै उनले आफ्नो उपसना गर्नेहरुलाई चाहेजति शक्ति प्रदान गर्ने कुरा उल्लेख छ । ऋग्वेदपछि साम,यजु र अर्थवेदमा पति शक्तिको वर्णन अनेक श्लोकहरुमा गरिएको छ । शतपथ ब्राह्मणमा पनि श्री -लक्ष्मी)

[३] डिल्लीराज शर्मा, *पश्चिम नेपालको मूर्ति तथा वास्तुकला,* नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०५८, पृष्ठ ४३-४४

कथाहरु दिइएका छन् । यहाँ श्रीलाई प्रजापतिको सन्तानको रुपमा चित्रित गर्ने प्रयास गरीएको छ ।[४]

वेदपछि उपनिषद साहित्यमा शक्तिको पर्याप्त वर्णन परेको छ । श्वेताश्वेत्तर उपनिषदमा शक्तिबारे धेरै कुराहरु लेखिएका छन् । तर विचारणीय कुरा के छभने शिव झै शक्ति पनि प्राग् ऐतिहासिककालदेखि नै पुजिदै आएको प्रतित हुन्छ । शिवको उपासनामा र लिङ्गको रुपमा गर्ने परम्परालाई अत्यन्त पुरानो मान्ने हो भने लिङ्ग साथ पुजिने योनीलाई शक्तिको प्रतिक मान्नुपने हुन्छ । काली तारा र  देवी उपनिषदमा पनि शक्तिबारे धेरै कथाहरु पाइन्छन् । देवी उपनिषदको एक कथाअनुसार देवताले उनको परिचय माग्दा शक्तिले 'म' ब्रह्माको रुप हुँ, मबाटै प्रकृति र पुरुषका रुपमा विश्वको उत्पत्ति हुन्छ भन्ने जवाफ दिएकी थिइन् । त्यसैगरी ऋग्वेदको देवीसुक्त, देवीभागवत(पुराण) र भुवनेश्वरी उपनिषदमा पनि देवी वा शक्ति र उनको स्वरुपवारे चर्चा गरिएको पाइन्छ । खासगरी देवीसूत्तका रचनाकारले देवीको मुखबाट उनको वर्णन गरएका छन् । यसअनुसार देवी, रुद्र, वसु आदित्य र विश्वदेवहरुसित विचरण गर्छिन् । उनी, इन्द्र, अग्नि, मित्र, बरुण, सोम, अश्विन आदि देवताहरु धारण गर्छिन र यज्ञनलीका माध्यमले देवताको आरधाना गर्नेलाई फल दिन्छिन । हरेक यज्ञमा उनको आगवन पहिलो हुन्छ । उनीबाटै सारा चराचर जगतले खाद्य बस्तु पाउँछ, उनीबाट वृष्टि र प्राण पाउँछ । ज्ञान र बुद्धिका विरोधीलाई उनी शिवको धनुमा बसेर नास गर्छिन । उनी प्राणीको रक्षा गर्न कटिवद्ध छिन् । उनको महत्ता आकाश र पृथ्वीभन्दा पर परसम्म पुगेको छ ।[५]

त्यस्तै गरी यस सत्यवती मन्दिरमा पनि यस्तै देवीको शक्ति भएको कारण विभिन्न भत्तालु मानिसहरुको ओइरो लाग्छ ।

## ३.३ सत्यवती मन्दिरको परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने १६ जिल्ला मध्ये बागलुङ जिल्लाको बाटाकाचौर गा.वि.स. वाड ९ मा सत्यवती मन्दिरको स्थापना भएको छ । बागलुङ सदरमुकामबाट दक्षिणमा २० कोष हिडे पछि उक्त सत्यवती मन्दिरमा पुग्न सकिन्छ । आज भोली बुटवल देखी पाल्पा रिडी शान्तिपुर नयाँबजार माथि डाडोसम्म जुन सत्यवती मन्दिर

[४] ऐजन पृ. ४५

[५] ऐजन पृ. ४६

भएको ठाउँमा पुग्ने बाटो निर्माण भएको छ । गुल्मीको रिडीसम्म पक्की बाटो निर्माण भएको छ । त्यसपछि कालीगण्डकीको तिरैतिर कच्ची हुदै पनि त्यस सत्यवती मन्दिरमा पुग्न सकिन्छ । विभिन्न भिरपाखा हुदै त्यहा पुगे पछि मन्दिरको दर्शन पाउन सकिन्छ ।

आजभोलि बागलुङ सदरमुकाम देखी कुश्मीशेरा, राङ्खानी, धुल्लुवासकोट हुदै पनि वरेङ निस्कीसकेपछि नयाँबजार हुदै त्यस ठाउँमा पुग्न सकिन्छ । बुटवलदेखी १३० कि.मि. र बागलुङ सदरमुकाम देखी १०० कि.मि. कच्ची बाटोमा जिप यात्रा गरेपछि त्यस ठाउँमा पुग्न सकिन्छ ।[६]

बुटवलदेखि भने बस आउने भएको हुनाले यो ठाउँ निकै सुगम बनेको छ । यातायातको सुविधाले गर्दा श्रदालु भक्तजनहरु यस ठाउँमा आउने गर्छन । यस मन्दिरमा वर मागेपछि आफ्नो इच्छा अनुसार फल प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ । यस मन्दिरको प्रमुख विशेषता भनेकै कुण्ड हो । कुण्डको जल आचन गरेपछि फल प्राप्त हुने विश्वास गरिन्छ ।[७]

यो मन्दिर निर्माणको लागि बाटाकाचौर गा.वि.स. को वार्ड नं. ९ स्थित सत्यवती मन्दिर परिसरमा गोठालाहरु गाई चराउने स्थल थियो । घना जङ्गल भएकाले मृग, कालिज, बनियोल, खरायो, बाँदर र भालुको क्रिडा स्थल र आहार विहार गर्ने ठाँउ थियो । त्यस ठाँउमा गाई हेर्ने गोठालोको गाई हराई खोज्दा नभेटीएपछि छिमेकी गा.वि.स. हुग्दीशिर अन्तरगतको वार्ड नं. ८ तल्लो गाउँका धाँमी मनविर काउचालाई हेराउन गएछन् । झाक्री मनवीर काउचाले त्यस जंगल विचमा एउटा कुवा छ । त्यस भित्र नै गाईको वाच्छी पानी खान जाँदा त्यही खसेको छ भनी भनेछन् । गोठालाहरु त्यहाँ हेर्न जाँदा त्यही नै गाईलाई मृत अवस्थामा फेला पारेछन् । अब देखि यस्तो घटना नहोस् र अरु गाई वाच्छा नमरुन् भनी सबै गोठाला मिली त्यस कुवालाई काठ, मुँडा, ढुङ्गा र माटो मिलाएर कुवा पुरेछन् । अर्को दिन गोठालाहरु जाँदा त्यस ठाँउमा राखेका सबै वस्तु बिलाएर कुवा जस्ताको तस्तै देखेछन् । यस्तो अचम्म भएको हुनाले स्थानीय बासीहरुले यो कुवामा धेरै सत्यता छ, दैवी शक्ति हुनुपर्छ भनी मन्दिरको स्थापना गरेका हुन् ।[८]

आज पनि त्यस कुवामा साउन, फागुन, वर्ष, गर्मी, हावा हुरी र खडेरीको केही असर नपरी त्यस कुण्डमा पानी यथावत हुन्छ । तर महिलाहरु महिनावारी (रजस्वला)

[६] प्रत्यक्ष अवलोकन बाट जानकारी ।
[७] धर्म न्यौपाने अन्तरवार्ताबाट जानकारी ।
[८] दिल बहादुर थापा, अन्तवार्ताबाट प्राप्त जानकारी ।

भएका वा कसैले जुठो, फोहोर फाल्यो भने त्यो कुण्डको पानी सुक्छ । त्यस मन्दिरको पुजारीले चोखो गरि पुन जल छर्केर “देवी गल्ती भयो माफ गर हामी चोखो राख्ने छौँ” भनी त्यस कुण्डमा सरसफाइ गरेपछि त्यस कुण्डको पानी यथावत अवस्थामा रहेको पनि थाहा हुन आउँछ । यस  सत्यदेवी मन्दिरमा पञ्चवलीका रुपमा बोका, परेवा, कुभिण्डो, नरीवल चढाउने गर्छन् । परेवा भाकल गरेका मानिसहरुले कसैले उडाउछन् र कसैले काट्छन् ।

सबैभन्दा पहिला कुण्डाबाट जल लिएर मन्साउँछन् बोकाले टाउको हल्लाउँछ । टाउको हल्लाएपछि देवीले स्वीकार गरेको भनि अफूले मागेको वर पुरा हुने विश्वास अनुसार बोका काटिन्छ । सत्यवती मन्दिरमा वर माग्दा बहिरी देवी छन् भनि चर्को स्वरले वर माग्ने परम्परा छ ।

## ३.४ विभिन्न मन्दिर

गोरखा जिल्लाा मनकामना गा.वि.स. ७ स्थित करमटार भन्ने स्थानमा त्रिवेणी भगवती मन्दिर रहेको छ । त्रिवेणी भगवतीको मन्दिर ढुङ्गाको गाह्रोमा टिनको छानो र ग्रिलको ढोका राखिएको चारपाटे आकारको एकतले रहेको छ । त्रिवेणी वा वेनीमाईको निवास एउटा सानो जलकुण्ड भित्र रहेको विश्वास गरिन्छ । उक्त जलकुण्ड वा कुवा हाल मन्दिर भित्र रहेको छ ।

यस त्रिवेणी भगवतीको स्थापना प्राचीन कालमा भई पूजाआजा चल्दै आएको भएता पनि यसको प्रमाणिक इतिहास भने वि.स. १९५१ साल जेष्ठदेखी प्ाप्त हुन्छ । वि.स. २०५१ साल जेष्ठ सुवी १ बावुसाहेव प्राप्त शमशेरको नाममा गरिएको रसिद बमोजीम १९५० सालको खेत पाखो वाली, पर्व पूजाको खर्च पुजारी खान्गी टहलुवा र कटुवालको खान्गी रकम तोकीएको पाइन्छ । जसमा पुजारी र हलुवा र कटुवालको खान्गी क्रमश रु. ३/२/५० र ४ तोकिएको थियो ।[९]

तनहुँ जिल्लाको सदरमुकाम दमौली देखी सिधा पूर्वमा करिब, डेढ घण्टाको पैदल बाटोमा छब्दी खोलाको दाँया किनारमा पहरोको फेदमा छब्दी बाराही अवस्थित छ । यस कुण्डमा बाम माछाहरु छन्, बली परेवा हाँस बोकालाई कुण्डमा फलि दिन्छन् । आ-आफ्ना

---

[९] विश्वनाथ चापागाई ‘कोही’ *गोर्खा जिल्लाको एक धार्मिक पर्यटकिय स्थल त्रिवेणी भगवती ‘चितवन’* : श्रमति भगवती गुरुङ, (२०६६) पृ. ११

बली भने चिनेर लैजान्छन् । परेवा भने विस्तारै बाम माछाले खाने गर्दछ । भगवानको रुप माछा भएको भन्ने विश्वासका कारण यहाँ माछा मार्न पाइदैन ।

छब्दी वाराही र ढोर वाराहीलाई दिदी बहिनी मानिन्छ । तनहँम्का दुई पसिद्ध वाराहीलाई दिदी बहिनीको रुपमा मानसिक हो । गण्डकी माहात्म्यमा छब्दी बाराही कुण्डलाई मत्योदरी कुण्डा अथवा वेद व्यासकी आमा भत्स्यगन्धा उत्पन्न भएको कुण्डको रुपमा वर्णन छ ।

यसरी सत्यवती मन्दिरमा पनि बेदव्यासकी मातानै सत्यवती हुने त्यसकारण अनेकौ नामबाट नै नामाकरण भएका हुन् ।[१०]

पाल्पा जिल्लाको कोलडाडा गा.वि.स.मा पनि सत्यवती छन् । यहा पाल्पाको दोभानवाट २ घण्टा ठाडो उकालो लागेपछि त्यो स्थानमा पुग्न सकिन्छ। अआजभोलि जीपको कच्ची बाटो भएको हुँदा जीपबाट पनि त्यो स्थानमा पुग्न सकिन्छ । यहाँ ताल छ । त्यो तालमा विशेष गरेर कार्तिकको, पूर्णिमामा मेला लाग्छ । यहाँ अघिल्लो दिन त्यही वास वसी राती नै वर माग्दछन् । चर्को स्वरले मैले आटेको फलानो -नाम टिकाएर) केटा/केटी पाउँ तपाइलाई बोका, परेवा, आफ्नो क्षमता अनुसार ल्याउँछ भन्छन् र यो मन्दिर पनि निकै चर्चीत छ । तर मन्दिरको विशेषता भन्दा पनि यहाँ तालको विशेषता नै बढी महत्व छ ।[११]

## ३.५ तल्ले शैलीका मन्दिरहरुको वास्तुकला

### परिचय

मानिसहरु बस्नका लागि भवन बनाए जस्तै, हिन्दु धर्ममा पनि देवी देवतालाई वास्तुकलाको विकास भएको पाइन्छ । यस्ता मन्दिरहरु हिन्दु धर्ममा मुख्य गरी दुई प्रकाहरु हुन्छन् जस्तै :

१ तल्ले शैली (प्यागोडा शैली)

२ शिखर शैली

तल्ले शैली :

एक भन्दा बढी छाना भएको शैलीलाई नै तल्ले वा प्यागोडा शैली भनिन्छ । जस्तै काठमाडौंको पशुपति मन्दिर ।

शिखर शैली :

---

[१०] जगमान गुरुङ्ग, *नेपालको राष्ट्रिय समिकरणको परिपक्षमा गण्डकी प्रस्रवण क्षेत्रका तीर्थस्थलहरुको विष्णेतात्मक अध्ययन* : नेपाली एसियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर काठमाडौं (२०६१) पृ. १०४, १०५

[११] टिकाराम शर्माबाट प्राप्त जानकारी ।

छाना नभएको शिखर जस्तै चुलिदै गएको शैलीलाई शिखर शैली भनिन्छ ।[१२]

## ३.६ तल्लेशैलीका मन्दिरहरुको वास्तुकला उत्पत्ति र विकास

मन्दिरहरु त्यस्ता भवन हुन जहाँ पूज गर्ने उदेश्यले देवदेवीका प्रतिमा स्थापना गरिएका हुन्छन् । हिन्दु धर्म मूर्तिपुजक भएकाले नै हिन्दुधर्मालम्वीहरुले देवीदेवतका मुर्तिहरु स्थापना गरी मन्दिर बनाएर राख्ने गरेका हुन । हुन त हिन्दूहरुले दार्शनिक रुपमा परब्रह्म र अपरब्रह्म दुवैलाई मान्यता दिने एवं अज्ञानीहरुका लागी मात्र पूजा गर्ने उदेश्यवाट मूर्ति स्थापना गर्ने परम्परालाई स्वीकार गरेको पाइन्छ । तर पनि यी दुवै प्रकारका ब्रह्महरुको साक्षतकारका लागि आस्थाको केन्द्रविन्दु,देवालय या मन्दिर एवं त्यसमा रहेको देवताको प्रतिमा मानिन्छ हिन्दुहरुले आस्थाका साथ पूजा गर्ने देवता रहने त्यस्ता मन्दिरहरुमा भक्ति (Devotion) पूजा र प्रदक्षिणा पथमा प्रयोजनलाई कुरा गर्ने उदेश्यबाट मन्दिर वास्तुकलाका नमुनाहरु निर्माण गरेका हुन्छन । यस्तो प्रयोजनका लागि विभिन्न स्वरुपका मन्दिरहरु निर्माण गर्ने चलन छ । जसमध्ये प्रमुख नेपाली शैली (तल्ले या प्यागोडा) र शिखर गरी दुइ प्रकारका हुने गर्दछन् । नेपाली शैलीका मन्दिरहरु त्यस्ता मन्दिरहरु हुन् जसमा अनेक तला हुने गर्दछन् भनि यिनमा एकपछि अर्को गरी तहतह परेका अनेकन् संखयामा छानाहरु पनि हुने गर्दछन् । तसर्थ त्यस्ता मन्दिरहरुलाई Multi–roofed temple या Tried temple पनि भनिएको पाइन्छ । कतिपय विद्धानहरुले तल्ले शैलीका मन्दिरहरुलाई प्यागोडा मन्दिर पनि भनेका छन् । तर प्यागोडा शैलीका मन्दिरहरुमा अनेक छानाहरु भएतापनि तिनीहरुमा तोरण र टुडालको अभाव रहेको पाइन्छ चीन,कोरिया,जापान,थाइलैन्ड वर्मा आदि देशहरुमा पनि त्यस्ता प्यागोडा शैलीका मन्रिहरु निर्मित छन् तर नेपालका तल्ले शैलीका मन्दिरहरुमा चाँही अन्य देशका मन्दिरका भन्दा अलग स्वरुपका एवं टुँडालहरुको प्रयोगवाट छानालाई अड्याउने र ढोकामाथी तोरण प्रयोग गर्ने विधि अपानाइएकोले यहाँका मन्दिरलाई प्यागोडा शैलीका मन्दिर भन्नु उपयुक्त ठहर्दैन । नेपालमा तल्ले शैलीका मन्दिर निर्माण गर्ने कलाको विकास यहीं भएकोले यिनीहरुलाई नेपाली शैलीको मन्दिर भन्नु नै ज्यादा उपयुक्त देखिन्छ ।[१३]

---

[१२] प्रा. डा. पेशल दाहाल र उप. डा. सोमप्रसाद खतिवडा, *नेपालको कला र वास्तुकला,* एम.के. पब्लिशर्स एण्ड डिस्ट्रीव्यूटर्स, भोटाहिटी, काठमाडौं, २०५८, पृ. १९२ ।

[१३] ऐजन पृ. १९३

तल्ले शैलीका मन्दिरहरुको उत्पत्तिको सम्बन्धमा अनेक धारणाहरु भए पनि मुख्य रुपले दुइवटा धारणाहरु प्रचलित छन् । एकथरी विचार अनुसार तल्ले शैलीको मन्दिर बास्तुकलाको सुरुवात खोजी गर्दा वैदिक साहित्यको समयसम्म पुग्नुपर्दछ । हिन्दुहरुले पुजा उपसन गर्ने कुल देवता ग्राम देवता र गृह देवतामध्ये गृहदेवतालई मण्डपमाथि राखेर पुजा उपसना गर्ने चलन रहेको एवं यस्तो मण्डवको सुरुवात वैदिक कालमा नै भएको मानिन्छ र यस्तै माण्डपवाट नै तल्ले शैलीको मन्दिर वास्तुकलाको विकास भएको मान्न सकिन्छ । यसरी देवतालई हावा पानी र घामबाट बचाउन चारैतिरबाट गाह्रो लगाएर जुन सुरक्ष दिने परिपाटी सुरु गरे त्यसैवाट मन्दिरहरुका वास्तुशैलीको विकास हुदै गयो । अर्कोथरी विचारअनुसार प्राचिन हिन्दुहरुले समयसमयमा विभिन्न देवदेवीको आहुती गरी यज्ञ यज्ञादि गर्ने गर्दथे । यसरी यज्ञ यज्ञादि गर्दा प्राकृतिक सुरक्षाका निम्ती भिरालो छाना भएका मण्डपहरु बनाउने गदृथे । हिन्दुहरुको मण्डपमा देवताको पूजा मात्र नगरी आध्यात्मिक पूजा समेत गरेर सन्तुष्टि लिने गर्दथे । भने यज्ञ यज्ञादि समेत मण्डप निर्माण गरेर सम्पन्न गर्दथे । वैदिक कालका मण्डपहरु सामान्यतया खम्वा गाडेर, छाना लगाइएका, गोला एवं चारकुने स्वरुपका र जमिनको भागमा खुला छाडिएका हुन्थे । यसको छाना खर वा परालले छाइने हुनाले यीनीहरु अस्थाइमात्र हुन्थे । यस्तै मण्डपहरु पछि गएर कलापुर्ण मन्दिरको रुपमा परिणत हँदै गए ।[१४]

त्यसकारण यस श्री सत्यवती मन्दिरपनि यसरीनै निर्माण भएको पुष्टि हुन आउँछ ।

तल्ले शैली मन्दिरका प्रमुख विशेषताहरु :

तल्ले शैलीका मन्दिरको सबैभन्दा मुख्य भाग यसको गर्भगृह नै हुने गर्दछ । किनकि यस्ता मन्दिरको गर्भमा मुख्य मुख्य देवताको प्रतिभा स्थापना गरिएको हुन्छ । गर्भमा भएको देवतालाई परिक्रममा प्रदक्षिणा पथको व्यवस्था गरिएको हुन्छ । यस्ता मन्दिरमा विभिन्न प्रकारका आकृतिहरु निकालिएको हुन्छ । यसप्रकार तल्ले वा प्यागोडा शैलीका मन्दिरका अनेक प्रकारका विशेषता हुन्छन् । ति विशेषताहरु निम्न बमोजिम छन् ।

१. विभिन्न प्रकारको आधारले निर्माण,
२. मन्दिरको प्राङ्गणमा कलात्मक वस्तुहरु निर्माण गर्नु,
३. विशेष प्रकारको गर्भ गृह निर्माण गर्नु,
४. तह-तह परेको छानो निर्माण गर्नु,

---

[१४] ऐजन पृ. १९४

५. टुँडाल र तोरणको प्रयोग हुनु,

६. इँटा र काठको सूचीपूर्ण संयोजन हुनु

७. मन्दिरको बिचको भाग खोक्रो हुनु ।[१५]

माथिको ती विशेषतामध्ये प्यागोडा शैलीको मुख्य विशेषता र आकर्षण भनेको तोरण र टुँडाल हो भन्न सकिन्छ । तोरण र टुँडाल दुवै काठबाट निर्मित हुन्छन् । दुवैमा कलात्मक मूर्तिहरु कुदिएका हुन्छन् । यस्ता टुँडालहरु धार्मिक र दार्शनिक पृष्ठभूमिमा बनाइएको हुन्छ । यसले मन्दिरको छानालाई अडाउने काम पनि गर्दछ । कला पक्षलाई उल्लेख गर्दा टुँडालको सबैभन्दा माथि रुखका लहराहरु पातहरुको चित्र हुन्छ भने बिचको भागमा मन्दिरसँग सम्बन्धीत देवीदेवताहरुको मूर्ति हुन्छन् । सबैभन्दा तल्लो भागमा यक्ष गन्दर्भ र मानवका आकृतिहरु र काम कलाका चित्रहरु कुदिएका हुन्छन् ।[१६]

प्यागोडा शैलीको मन्दिरको महत्वपूर्ण विशेषतामध्यको तोरण अधृवृत्ताकारबाट निर्माण गरिएको हुन्छ । जुन मन्दिरको मुख्य प्रवेशद्धार माथि बनाइएको हुन्छ । तोरणको बिच भागमा मन्दिरसँग सम्बन्धीत मूर्ति कुदिएको हुन्छ । भने दायाँ बायाँ छेउमा मकर मुखाकृति कुदिएको हुन्छ भने तोरणको शीर्ष भागमा छेपुको आकृति कुदिएको हुन्छ ।[१७]

प्राचिन नेपालको वास्तुकला सामान्यतया दुई प्रमुख शैलीमा आधारित थियो ।

१ छाने शैली

२ चैत्य शैली

छाने शैली

भिँगटीका पाखायुक्त छाना भएका घर वा मन्दिरको रचना शैलीलाई अंग्रेजीमा Pagoda (छाने शैली) भनिन्छ । यो नेपालको परम्परागत मौलिक शैली हो । जस्तै भक्तपुरको न्यातपोल (पाँच तले) मन्दिर ललितपुर कुम्भेश्वर मन्दिर, चांगुनारायणको मन्दिर, पशुपतिको मन्दिर आदि यस्तै छाने शैलीबाट तयार गरिएका उत्कृष्ट मन्दिर हुन् ।

चैत्य शैली : बुद्धको समाधी शैलीमा आधारित चैतन्य चित्तको प्रतिक स्वरुप चैत्यको निर्माण पनि प्राचीन नेपाली वास्तुकलाका उत्कृष्ट नमुना भेटिन्छ । काठमाडौंको दोढा

---

[१५] ऐजन

[१६] अपार कुमार लम्साल, *नेपाली वास्तुकलाको अंग टुँडाल र यसमा अंकीत आकृति,* अन्वेषण, २०५९,पृ.१२८

[१७] डा. कल्पना श्रेष्ठ, *भक्तपुरको ऐतिहासिक काष्ठकला,* गोपाल धौवन्जार नयाँबानेश्वर, काठमाडौं २०७०, पृ २०

बहालको चैत्य, स्वयम्भूको चैत्य, पाटनका चारकुना स्तुपहरु आदिका साथै मानविहार गुविहार आदि पनि बौद्ध वास्तुकलाका उदाहरण हुन् ।[१८]

यस सत्यवती मन्दिरको स्थापनाकालको सम्वन्धमा हाल सम्म प्राप्त पुरातात्तिक सामग्री वि.स. १८१० मा उल्लेख भएको घण्टी ऋषिराम न्यौपानेले मन्दिरमा चढाएको विवरण प्राप्त भए अनुसार यो सत्यवती मन्दिर वि.स. १८१० भन्दा पनि अगाडि स्थापना भएको हुनुपर्छ ।[१९]

## ३.७ मन्दिरको वनोट र शैली

यस कुण्डमा सुरुमा सामान्य खरको छानो बनाई पूजा गर्ने चलन वि.स.१८१० देखी केही सम्म अगाडी चलेको पाइन्छ । यस मन्दिरमा मानिसहरुको इच्छा अनुसारको भाकल गरेपछि पुग्ने भएकोले मानिसहरु टाढा टाढादेखि आएर पैसा, चामल, फूल, नरीवल चढाई पूजा गर्दछन् । सामान्य रुपमा गाउँका केही जान्ने बुझ्ने मान्छेहरुले खरको सट्टा ढुङ्गाले छाएका हुन् । समयको अन्तरालमा मन्दिरमा चढाएको रकम र श्रमदानबाट तलबाट ढुङ्गा सिमेन्ट राखेर फराकिलो तरिकाले यसलाई मर्मत तथा निर्माण गरिएको हो ।

यो मन्दिर प्यागोडा शैलीमा निर्माण भएको छ । यस मन्दिर २ वटा छाना छन्।, यी ढुङ्गाले छाइएका छन्, ढोका र झ्याल काठबाट बनेका छन्, प्यागोडा शैलीमा जस्तै प्रवेशद्वार माथि तोरण र छानोलाई अडाउन ४५° को कोणमा ढल्कीएर राखीएका काठका टुडालहरु देखीदैंन । यसको वरिपरि जम्मा १७ वटा साना ठूला घण्टीहरु छन् । यस मन्दिर भिरालो र अफठ्यारो ठाउँमा भएको हुँदा तलबाट जग खनेर निर्माण भएको छ यो मन्दिर दुईतले छ । यसमा पित्तलको गजुर पनि छ । मन्दिरको प्रवेशद्वारमा फलामको जाली राखेर गेट निर्माण गरिएको छ । यसमा मेला लागेको बेलामा मानिसहरुलाई पालै-पालो गेटबाट भित्र पस्न दिने व्यवस्था छ । जसको कारण मन्दिर व्यवस्थापनमा निकै सहज बनेको छ ।

यस सत्यवती मन्दिरको घेरा वा जग ३ मीटर वर्गकारमा छ । प्रदक्षीणा पथ डेढ मीटर छ । जसको वरिपरि ४/४ वटा खम्वा गरी जम्मा १६ वटा खम्वा छन् । यस मन्दिरको भित्र प्रस्तरको मूर्ति छ । अन्य मन्दिरमा जस्तै मानव आकारका प्रस्तर मुर्ति नभइ प्रकृति निर्मित प्रस्तर मूर्तिलाई नै देवीको मूर्तिको रुपमा पुजिएको पाइन्छ ।

---

[१८] खगेन्द्र निरौला, *नेपाल परिचय,* रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल २०६३, पृ.२६२

[१९] मन्दिर अगाडि रहेको घण्टीको अभिलेखबाट प्राप्त जानकारी

## ३.८ मन्दिरको कुण्ड

यस सत्यवती मन्दिरको उत्तर दक्षिणमा ६ मिटर पर अनुपम कुवा छ । जुन कुवा २ मीटर गहिरो छ । डेड मिटर लम्वाई भएको माथि केही फुकेको सोली आकारको छ । यस कुण्डबाट जति पानी झिके पनि पानी यथावत रहने यसको अर्को विशेषता रहेको छ । यसमा वर्षा, गर्मी, झरी, वादल, खडेरी, हुरी र वतास केहीले असर नपर्ने तर जुठो सुत्केरा र महिला महिनावारी भएको अवस्थामा पानी (जल) छोएमा पानी सुक्ने गरेको पाइन्छ । तर त्यहाँका पुजारी वर्तालु भक्तजनहरुले धुप अक्षता गरी चोखो जलमा देवीलाई आराधाना गरेमा पुन पानी यथावत रहिरहन्छ । यो कुण्डको वरिपरि ढुङ्गा र पहोरोले निर्माण भएको कडा चट्टान छ । जसमा एउटा दुदिलाको करिव १५ मिटर अग्लो र १० इन्च वरावरको मोटाई भएको रुख छ । टीनको छानो वरिपरि सिमेन्ट र ढुङ्ग गाह्रो निर्माण गरी उक्त कुण्डलाई सुरक्षित गरिएको छ ।

यो मन्दिर बाटाकाचौर गा.वि.स. वार्ड नं. ९ मा पर्दछ । यस मन्दिरलाई साग्दीको मन्दिर भन्ने नामले पनि चिनिन्छ । यस मन्दिरको नजिकमा एक कुण्ड छ । जहाँ जल रहिरहन्छ । श्रद्धालु भक्तजनहरु यस कुण्डमा पैसा फुलपाती चढाइ आशिर्वाद माग्दछन् । यहाँ मार्ग पूर्णीमामा  मेला लाग्दछ । मेलामा निकै ठूलो संख्यामा वलिहरु पनि चढ्छन् ।[२०]

[२०] पुरुषोत्तम ढकाल, *मन्दिरै मन्दिरको देश नेपाल,* ललितपुर : डा.शोभाखर ढकाल, २०६२, पृ. ४५९ ।

# परिच्छेद : चार

# सत्यवती मन्दिरका विविध क्रियाकलापहरु

## ४.१ धार्मिक सांस्कृतिक क्रियाकलापहरु

यस मन्दिर क्षेत्रमा अन्य मन्दिरमा जस्तै भक्तजनहरुको ठूलो घुइचो लाग्छ । यस स्थलमा बाह्रै महिनाका पूर्णिमामा वलि चढाउँछन् । मानिसहरु गुल्मी, पाल्पा, रुपन्देही, नवलपरासी, पर्वत, कास्की, काठमाण्डौं देखि दर्शन गर्न आउँछन् । आफ्नो मनोभावना पूरा गर्न सत्यवती वहिरी छन् भन्ने विश्वासले गर्दा चर्को आवाजमा बर माग्छन् जस्तो हे देवी "झक्कले बोका दिउँला नक्कले छोरा जन्मोस" भन्ने वर मागेर पूरा भएको बताउँछन् । यहाँ भिड निकै हुने गर्दछ । मन्दिर परिसरमा विभिन्न पूजा विधि गर्ने चलन छ । यसरी आधुनिकताले हाम्रा चलिआएका परम्परालाई उछिन्न खोजी गरेको वेलामा उक्त मन्दिरले पुरानो परम्परालाई जीवित राख्न निकै ठूलो सहयोग पुऱ्याएको छ ।[1]

### ४.१.१ नित्यपूजा

यस सत्यवती मन्दिरमा पूजारीको व्यवस्था मन्दिर व्यवस्थापन समितिको बैठक बसी गाउँमा पूजा पाठ गर्न सक्षम मानिसलाई छनोट गरीन्छ । यसरी नियुक्त भएका पूजारीले मन्दिरमा विहानै चार बजे उठेर जानु पर्दछ । सर्वप्रथम आफूले स्नान गरी सुध्य भई मन्दिरलाई सरसफाई गरी मन्दिरका जलका भाँडामा जल चढाउन पर्दछ । मन्दिरमा भएका सङ्ख घण्ट बजाएर विभिन्न मन्त्र उच्चारण गरी पूजा पाठ गर्नु पर्दछ । फूलपाति अछेता, चन्दन लागयत धुप बालेर पूजा गर्नु पर्दछ । मन्दिरमा पूजा गर्नेका निम्ति श्रद्धालु भक्तजनको चाहना अनुसार पूजा पाठ सबै पूजारीले गरिदिनु पर्दछ । पूजारीले आफ्नो गछे अनुसार मन्दिरमा भेटी चढाउँछन् । मन्दिरमा प्राप्त भएको भेटी वा दाम जे जति छ । त्यो मन्दिर व्यवस्थापन समितिका कुनै एक सदस्यलाई जानकारी दिनु पर्दछ । मन्दिर व्यवस्थापन समितिले दैनिक ४०० रुपैयाँ पर्ने गरी पूजारीलाई दिने गर्दछन् । दिउसो पूजारीले चढाएको प्रसाद ग्रहण गर्दछन् बेलुका भने मन्दिरमा बस्ने चलन छैन । यसरी पूजारीको यही मन्दिर बाटै जीवन निर्वाह चलेको हुन्छ ।

### ४.१.२ विशेष पूजा जात्रा पर्व

यो ठाउँमा विशेष गरेर मार्गशिर्षको दिवाली पूर्णीमामा मेला लाग्छ । यहाँ बागलुङ म्याग्दी, वुटवल, काठमाडौं देखि भक्तजनहरु आउने गर्दछन् । सबै भन्दा पहिला जसले वर माग्यो त्यसलाई मागेको पुग्छ भन्ने विश्वास छ । यहि विश्वास अनुसार सत्यदेवी वैरी छन् र सुन्न सक्दिनन् भनेर चर्को आवाजले वर माग्ने चलन छ । यहाँ बोका,परेवा, कुभिण्डो, नरिवल बलि चढाउने चलन छ । परेवा कसैले वलि चढाउछन् भने कसैले उडाउँछन् । उडाएका परेवाहरु फेरी छोपेर बेच्ने गर्दछन् । यस ठाउँमा स्थानिय सुन्तला व्यापारी लगायत तरुल, सखरखण्ड आदि वेच्ने गर्दछन् । यातायातको सुविधाले गर्दा विभिन्न ठाउँवाट विभिन्न प्रकारका समानहरु विक्री वितरण हुन्छन् । स्थानीय होटलहरु पनि छन् । टाढावाट आएका भक्तजनहरु यही स्थानिय होटलमा वस्ने गर्दछन् । यहाँका स्थानिय बासिन्दाहरु लगायतअन्य ठाउँबाट आएका भक्तजन तथा स्थानिय पर्यटकहरु विभिन्न लोक भाका, भ्याउरे, सोरठी गीत गाउने र नाचेर रमाइलो गर्ने गर्दछन् । आपसमा माया प्रीति साटासाट गर्ने र विवाह समेत गर्ने गर्दछन् । यस दिनकुनै शुभकार्य गरेमा निकै राम्रो हुने परम्परा भने रहदै आएको छ ।[१]

यस धार्मिक स्थलमा प्रत्येक वर्ष मंसिर पुर्णिमाको दिन लाग्ने मेलाको व्यवस्थापन र मन्दिरको जिर्णोद्धारको लागि स्थानीय जनताको एक प्रतिनिधि मण्डल गठन गरी संस्कृति तथा पर्यटन मन्त्रालय सिंहदरवारमा २०६६/१२/२२ मा एक निवेदन पेश गरिएको थियो । उक्त कार्यको बजेट निकासा गरिदिन समेत सिफारिस पत्र गाउँविकास समिति बाटाकाचौरद्वारा पेश गरिएको थियो । विस्तृत विवरणको लागि परिशिष्ट २ मा राखिएको छ ।

## ४.२ कर्मकाण्डीय क्रियाकलापहरु

यो सत्यवतीको मन्दिर बाग्लुङ जिल्लाको प्राचीन एवं प्रतिष्ठित मन्दिर हो । यस मन्दिरमा देवीको लोकप्रियता र शक्तिको स्पष्ट अनुभूतिको कारण विवाहव्रतबन्ध जस्ता कर्मकाण्डहरु पनि हुन्छन् । यहाँको कुण्डमा अथाह जलशक्ति भएकाले यस ठाउँको अलौकिक विशेषता नै मान्न सकिन्छ । नेपाललाई मन्दिरै मन्दिरको देश मानिएता पनि यस ठाउँमा अन्य ठाउँमा भन्दा बढी भिड लागेको पाइन्छ । आजका युवा युवतीमा दाइजो, प्रथाको

[१] पूर्णकला श्रीशसँग, अर्न्तवार्ताबाट प्राप्त जानकारी ।

अन्त्य मागी विवाहको अन्त्य गर्ने र प्रेम विवाहलाई मान्यता दिने भएको हुँदा विवाह जस्ता कर्मकण्ड निकै बढी भएको पाइन्छ ।[२]

## ४.३ मनोरञ्जनका क्रियाकलापहरु

यो सत्यवतीको मन्दिर बाटाकाचौर गा.वि.स. को प्रमुख रमणीय स्थल हो । यो उत्तरमा माना पाथी हिमाल, माछापुच्छ्रे, अन्नपूर्ण, हिमशृङ्खलाका दृश्य अवलोकन गर्न पाइने ठाउँमा अवस्थित छ । यस ठाउँबाट सिँदुरेको लेक, बाघकाटे, वरेङ, बाराकोट, पेरिवाङ, चन्द्रकोट, खाल्ले खोला, हुग्दी खोलाको संगम स्थल नयाँबजारको सम्म परेको फाँट र चैत बैशाखमा बस र जीपले उडाएको धुलो हरियाफाँटले वातावरणलाई निकै रमाइलो बनाएको देख्न सकिन्छ । यहाँ मङ्सिर पूर्णिमामा मेला  लाग्दछ । यस मेलामा "देश पनि हेर्ने मुख पनि फेर्ने" उखानलाई विभिन्न खाले गाउँमा उत्पादन भएका फलफूल सुन्तला, उखु, सखरखण्ड, तरुल, पनि बेचविखन गर्न आउँछन् । यहाँ विभिन्न सस्कृति र मनोरञ्जन गराउने खालका मगर नाच, भोटे नाच र सोरठी नाच विभिन्न भाकामा भ्याउरे गीतले वातावरण निकै रमाइलो हुन्छ । यस ठाउँमा विभिन्न ठाउँवाट वनभोज खान आउँछन् । यस ठाउँमा जौ बाट बनेको लोकल वियर (जाँड खाने) पनि निकै प्रचलित छ । यसको जङ्गलमा कालीज, मृग, वनेल लगाएत विभिन्न जनावर पशुपन्छी पाइने भएकोले शिकार गर्न समेत आउने गर्छन् । यस मन्दिरमा विभिन्न खाले नकारात्मक  प्रवृति पनि छन् । समाजले यस्ता नकारात्मक पक्ष र कुकर्मको अन्त्य गर्नु पर्छ ।

## ४.४ विविध क्रियाकलापहरु

यो सत्यवतीको मन्दिर परिसर बाटाकाचौरको मुख्य केन्द्रविन्दु स्वरुप टापुमा रहेको छ । यसका अत्तिरिक्त हराभरा वनजंगल र शान्त वातावरण र अलौकिक कुण्डले गर्दा निकै आकर्षक बनाएको छ । हिजोआजको वातावरण प्रदुषण, अनावश्यक भिड भाड देखि जोगिन यो स्थल निकै उपयुक्त छ । विभिन्न खाले घरयासी झमेलाबाट मुक्तभई मनोरम वातावरणमा रमाउन पनि मनिसहरु यस ठाउँमा आउने गर्छन् । यस ठाउँमा साहित्य प्रेमीले नयाँ मिठा गीत, कविता लेख रचनाका लागि पनि यो पवित्र स्थलनिकै महत्वपूर्ण रहेको छ । यस ठाउँमा विवाह गर्ने दम्पतिलाई पवित्र बाचाबन्धनमा बाँधिन, सत्यवतीलाई साँची राख्न

---

[२] चन्द्रबहादुर खत्रीसँगको, अन्तवार्ताबाट प्राप्त जानकारी ।

पनि यो ठाउँ निकै योग्य छ । जैविक विविधताले भरिपूर्ण भएकाले विद्यालय, क्याम्पस, आमा समूह लगाएत विभिन्न व्यक्ति, संस्था दुश्यावलोकन गर्न, खोज अनुसन्धान गर्न समेत आउँछन ।[३]

यस सत्यवती मन्दिर निकै रमणीय स्थल भएको र यहाँको जङ्गलमा विभिन्न किसिमका विरुवा, जङ्गली जनावर, सीतल बायु भएको कारण शान्त, मनोरम वातावरणमा रमाउनका लागि नयाँबजार, शान्तिपुर देखि खसी बोका लिएर वनभोज गर्छन् । जङ्गली पशुपंक्षी भने मार्न पाइदैन, यहाँ सिकार गर्ने चलन पनि छैन ।

## ४.५ पूजा व्यवस्थापन र पुजारी

यस सत्यवती मन्दिर स्थापना बाटाकाचौर गा.वि.स. अन्तर्गत वार्ड नं.९ मा पर्दछ । तर पनि यसको छिमेकी हुग्दिशिर गा.वि.स. अर्न्तगत पर्ने वार्ड नं. ६, ७, ८ ले यसमा भएको आम्दानी त्यसै गा.वि.स.ले नै प्रयोग गर्ने सहमति भएको छ । यस मन्दिरमा पञ्चमी, सप्तमी, नवमी र पूर्णिमामा विशेष मेला लाग्ने गर्दछ । यस मन्दिरमा दैनिक पूजा गर्ने चलन छ ।

मन्दिर र कुण्ड बाटाकाचौर गा.वि.स. मा भएको पत्ता लगाउने मानिस हुग्दीशिर गा.वि.स. वार्ड नं. ८ का तत्कालीन झाक्री मनवीर काउचा भएको हुदाँ दुवै ठाँउमा मानिस वासिन्दाहरु सँगै सम्झौता भई एक वर्षको पूर्णिमाको पालो हुग्दीशिरलाई र अन्य पालो बाटकाचौरले पूजा गर्ने प्रचलन छ ।[४]

यस सत्यवती मन्दिरमा श्रावण र पौष महिनामा बाहेक अरु १० महिनामा पूजा गर्ने गरिन्छ । श्रावण महिना भगवान् कृष्णको जन्ममहिना र पौष महिनामा स्वस्थानीव्रतकथाको पूजा गरीने भएको हुदाँ श्रावण र पौषमा पूजा हुँदैन । प्रतिपदा, द्धितिया, तृतिया, चौथी, पंचमी, षष्ठी, सप्तमी, अष्ठमी, नवमी, दशमी, द्धादशी, त्रयोदशी, चर्तुदशी र पूर्णिमामा पूजा गरिनुका साथै वलि पनि दिइन्छ । एकादशी र औंसी तिथिमा पूजा गरिदैन । यहाँ पुजारीको व्यवस्था गर्ने बाटाकाचौर गा.वि.स.को वडा नं. ८ र ९ लाई जिम्मा दिइन्छ । यस सत्यवती मन्दिरमा जातीय भेदभावलाई अन्त्य गर्ने उद्देश्य अनुसार कर्मकाण्डीय क्रियाकलापमा अलि जान्ने व्यक्तिलाई ब्राहमण, वा क्षेत्री र जनजातिलाई सबै गाउँको मानिसको भेलाद्वारा छनौट

---

[३] धर्मराज न्यौपानेसँग,अर्न्तवार्ताबाट जानकारी प्राप्त

[४] भिमलाल शर्मा, अन्तरवार्ताबाट प्राप्त जानकारी

गरिन्छ । तिनीहरुले जात नछुट्टाइ जिम्मा दिन्छन । त्यसैले त्यहाँ चढाएको वलीमध्ये एउटा टाउको पूजा गराए वापत दिने चलन छ । बाँकी बली  दिएका टाउकाहरु त्यहाँको समिति बसेर बेच्ने चलन छ । त्यो रकम कोषमा राखिन्छ । त्यो कोष विद्यालय बाटो, घाटो, सामाजिक सेवामाखर्च गर्ने चलन छ । पुजारी चयनको लागि गाँउमा भेला वस्छन् । त्यही भेला वाट २ देखि ५ वर्षको लागि पुजारी छनौट गरिन्छ । विचमा छनौट गरेको व्यक्तिले त्यो पूजा छोडेमा अर्को व्यक्ति नियुक्ति गरिन्छ । यसरी पुजारी भएकालाई समितिको निर्णय अनुसार दैनिक ५००/- रुपैया पर्ने सम्मको बोकाको टाउको नगद वा अन्य जिन्सी समेत दिने गरिन्छ ।[५]

[५] ऐजन

# परिच्छेद : पाँच
# सत्यवती मन्दिरको व्यवस्थापन पक्ष

## ५.१ पृष्ठभूमि

सत्यवती मन्दिर भौगोलिक विकटता र बागलुङ जिल्लाको सदरमुकाम देखि २० कोष टाढा पर्ने भएकोले सरकारको ध्यान जान सकेको छैन । दर्ता गर्ने वित्तिकै सरकारी हुन्छ । जसको फाइदा हामीले लिन पाइदैन भन्ने धाराणा र सरकारी तवरबाट पनि भौगोलिक ऐतिहासिक एवं धार्मिक सम्पदा प्रति कमजोर नीति भएको कारणले अहिले सम्म दर्ता भएको छैन । वि.सं. १८१० देखि यसको अन्वेषण भएतापनि उल्लेखनीय तवरबाट यसको संचालन, संरक्षण र सर्म्वद्धन हुन सकेको छैन । प्रशस्त मात्रमा आम्दानी भएतापनि स्थानीय विद्यालय, बाटो एवं अन्य क्षेत्रमा प्रयोग भएको हुदा अझै दर्ता गर्ने काम ओझेलमा परेको छ । राणा शासन कालमा मुखियाको हातमा आम्दानी, पंचायती शासनमा पञ्चेको हातमा आम्दानी, बहुदल प्राप्त पछि पनि राजनैतिक वर्चश्वका कारण यो दर्ता भएको छैन् । तै पनि सञ्चालन गर्न अनवरत रुपमा समिति बनाइरहेको पाइन्छ ।[1]

राणा शासन कालदेखि मुखीयको सर्वेसर्वा भएका बेला चित्र बहादुर श्रीस मुखियाले सबै आम्दानी हिसाब आफै राखी सबै विवरण दिदैनथे । त्यसपछि पञ्चायत कालमा पनि त्यहाँको प्रधानपञ्च वेणीमाधव न्यौपानेको हातमा आम्दानी भयो । उनी सबै आम्दानी गाउँ पञ्चायतमा राख्ने गर्थे । वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना पछि बहुदल वादीले तत्कालिन पूर्व प्रधानपञ्च वेणीमाधव न्यौपानेलाई आम्दानी खर्चको विवरण माग गर्दा उक्त विवरण देखाउन नसकी रुपन्देही जिल्ला पर्रोहा गाउँ विकास समितिमा बसाई सरे । वि.स. २०६६ सालदेखि मन्दिरको आम्दानी खर्च राम्रो सँग देखाउने गरेका छन् । वि.सं. २०४६ सालदेखि २०५९ सालसम्म श्री हिरालाल श्रीसले अध्यक्ष बनेर काम गरे । यसको आम्दानीबाट श्री साग्दी प्रा.वि. साग्दीमा स्थानीय स्तरको शिक्षक राखी पढाइमा सुधार गरे । वि.सं. २०६० सालदेखि हेम बहादुर वि.क.अध्यक्ष बने । उनले पनि गाउँमा चर्पी निर्माण गर्न यसै मन्दिरको आम्दानी प्रयोग गर्ने विचार गरेर गाउँ भेलाबाट गरिबलाई चर्पी निर्माण गर्न दिने निर्णय गरे । वि.स. २०६५ सालमा इन्द्र बहादुर श्रीश अध्यक्ष बने । यस समयदेखि

---

[1] चन्द्र बहादुर खत्री, अन्तरवार्ताबाट जानकारी

अन्य सदस्यहरु समेत काम गर्ने परम्परा रह्यो । यो समिति भने व्यवस्थित रह्यो । यसले मोटरवाटो, पाटी पौवा बनाउने र खर्च भएको विवरण पनि गाउँ भेला गरी पारित गर्ने प्रचलन सुरु गऱ्यो । त्यस बेलाको समिति निम्न बमोजिम रहेको छ :

वि.सं. २०५४/९/४ गतेका दिन हिरालाल श्रीशको मन्दिर व्यवस्थापन समिति गठन भएको थियो । उहाँ हिरालाल श्रीश त्यस बेला गा.वि.स. अध्यक्ष समेत हुनुहुन्यो । उहाँ अध्यक्षतामा बनेको समिति तपशिल बमोजिम छ ।

अध्यक्ष हिरालाल श्रीश

सदस्य फर्स बहादुर श्रीश

सदस्य हेम बहादुर श्रीश

सदस्य भिम बहादुर श्रीश

सदस्य चन्द्र बहादुर खत्री

सदस्य गिरी प्रसाद श्रीश

सदस्य अमर बहादुर श्रीश

सदस्य प्रेम बहादुर श्रीश

सदस्य खड्क बहादुर श्रीश

यस हिरालाल श्रीशको अध्यक्षतमा बनेको समिति लामो समय कायम रहयो वि.स. २०६० सालामा समितिले मन्दिरको हेरचाह सुरक्षा आम्दानी खर्चको हिसाब गर्ने विभिन्न सामाजिक कार्य गर्ने भयो ।

वि.सं. २०६० सालको मङ्सिरमा जातीय समानतालाई कायम गरि हेम बहादुर वि.क. को अध्यक्षतामा निम्न अनुसारको समिति गठन भएको थियो ।

अध्यक्ष हेम बहादुर वि.क.

सदस्य चन्द्र बहादुर खत्री

सदस्य खर्क बहादुर श्रीश

सदस्य तिल बहादुर श्रीश

सदस्य लिला बाहादुर श्रीश

सदस्य गिरी प्रसाद श्रीश

सदस्य प्रेम बहादुर श्रीश

सदस्य अमर बहादुर पुन

सदस्य  होम बहादुर पुन

वि.सं. २०६५ सालमा गठित मन्दिर व्यवस्थापन समिति यस प्रकार छ :-

अध्यक्ष  इन्द्र बहादुर श्रीश

सदस्य  खर्क बहादुर श्रीश

सदस्य  हेम बहादुर श्रीश

सदस्य  हर्क बहादुर बुढाथोकी

सदस्य  पूर्ण बहादुर बुढाथोकी

सदस्य  पदमजंग श्रीश

सदस्य  प्रेम बहादु श्रीश

सदस्य  अमर बहादु पुन

सदस्य  ओम प्रसाद राना

वि.सं.२०७१ देखी सत्यवती मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरु निम्न अनुसार छन :

| क्र.सं. | नाम | पद | ठेगना |
|---|---|---|---|
| १ | चन्द्र वहादुर खत्री | अध्यक्ष | बटाकाचौर ८ |
| २ | इन्द्र वहादुर श्रीस | सचिव | बटाकाचौर ९ |
| ३ | हरिमाया वुढाथोकी | सदस्य | बाटकाचौर ९ |
| ४ | मनरुपा पुन | सदस्य | बाटकाचौर ८ |
| ५ | धनसिंह आले | सदस्य | बाटकाचौर ८ |
| ६ | डम्वर वहादुर श्रीस | सदस्य | बाटकाचौर ८ |
| ७ | रुपा वुढाथोकी | सदस्य | बाटकाचौर ७ |
| ८ | वावुराम सार्की | सदस्य | बाटकाचौर ८ |
| ९ | दोल वहादुर श्रीस | सदस्य | बाटकाचौर ७ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।*

## ५.२ मन्दिर व्यवस्थापन समितिको गतिविधि

सत्यवती मन्दिरको व्यवस्थापन समिति गठन भएपछि पहिलाको भन्दा व्यवस्थित तरिकाले पूजा आजा, मर्मत सम्भार एवं संरक्षण सम्वन्धको काम भएको पाइन्छ । विभिन्न

तरिकाले मन्दिर निर्माण कुण्ड व्यवस्थित भएकोले यसमा श्रद्धालु भक्तजनको भिड बढ्न थालेको छ । यहाँ पूजाका क्रियाकलाप बाहेक विभिन्न विवाह व्रतबन्ध, भोज, अनुसन्धान आदि गतिविधि संचालन हुन्छन् । यस मन्दिर व्यवस्थापन समितिको कुनै नियमावली वा विधान रहेको पाइदैन । यस बाटाकाचौर गाउँ विकास समिति वार्ड नं. ९ मा पर्ने श्री सत्यवती मन्दिरको आय स्रोत सञ्चालन गर्ने जिम्मा व्यवस्थापन समितिको हुन्छ । व्यवस्थापन समितिको बैठक बसी आवश्यकता अनुसार स्वयम् सेवकहरु गठन गरिन्छ । समिति सहित बैठक बसी सबै वस्तुको मूल्य निर्धारण गरिन्छ । निकै सक्रियताका साथ समिति र स्वयम्सेवकहरुले काम गर्छन रकम उठाउँछन । यसरी उठेको रकम विद्यालय र बाटोघाटो वा सामाजिक कार्यमा खर्च गर्ने गरिन्छ ।

यस मन्दिरको पुननिर्माणको लागि बागलुङ जिल्ला परिषद्बाट समेत सत्यवती माईको मन्दिरलाई पर्यटकीय स्थान घोषणा गर्ने निर्णय भएको २०६६/१२/१४ मा संस्कृती तथा पर्यटन मन्त्रालयलाई मन्दिर पुर्ननिर्माणको लागि आवश्यक बजेट विनियोजन गर्ने सिफारिस सहित अनुरोध गरेको पाइयो । उक्त कुरा परिशिष्ट ३ मा उल्लेख गरिएको छ । साथै जिल्ला विकास समितिको बागलुङको मिति २०६६/१२/२२ मा यस क्षेत्रको पर्यटन विकासका लागि कुश्मा, गुप्तेश्वर, नारायणस्थान, भैरवस्थान, भकुण्डेमुलाबारी, सौरे सातदोवाटा, चापाखर्क, गाजादह, साग्दी सत्यवती देवी, हाडीकोट, माइका स्थान, घोडाबाँधे, घुम्टेलेक, झुलेनी, धम्जा देउराली म्याग्दी, तातोपानी सिंगा, छिस्तीको पुरानोगाउँ, वेनीबजार भ्यालीलाई पर्यटन रुट कायम गर्न नेपाल सरकार पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरिएको थियो । विस्तृत विवरणको लागि परिशिष्ट ४ मा उल्लेख गरिएको छ ।

## ५.३ आयस्रोत

यस श्री सत्यवती मन्दिरको नित्य पूजाका अतिरिक्त विशेष पूजा वर्षका १० वटा पूर्णिमामा चल्ले भएको र यसको क्षेत्र व्यापक भएको हुँदा यसको आयस्रोत पनि धेरै नै छ । तर जति आम्दानी देखिएता पनि सरकारी तवरबाट स्पष्ट निगरानी नदेखिएका हुनाले समितीले स्वइच्छा अनुसार विवाह, व्रतबन्ध अन्य धार्मिक कार्यक्रमको रकम लिने गर्छ ।

**सत्यवती मन्दिरको २०६९ /०७० को आम्दानी**

| क्र.सं. | विवरण | मुल्य रु. |
|---|---|---|
| १ | बोकाको टाउको | ६०००० |
| २ | परेवा | १५००० |
| ३ | पसल वाट उठेको कर | ३५०० |
| ४ | कुण्डमा चढाएको खुद्रा पैसा | १७०१० |
| ५ | मन्दिर भित्र चढाएको पैसा | १५१५० |
| ६ | मन्दिरमा चढाएको धान र चामल बेचेर आएको पैसा | ९५०० |
|  | जम्मा | १२०१६० |

*स्रोत : समितिका सचिव, इन्द्रबहादुर श्रीसबाट प्राप्त जानकारी ।*

## ५.४ यस समितिको गुरुयोजना

यस मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरु रातदिन खटीनुभएको छ । वार्षिक २ लाख देखि ३ लाख सम्म रकम उठ्ने गरेको पाइन्छ । यस ठाउँमा आफ्नो स्रोत र साधनले कच्ची बाटो निर्माण हुन सकेको छ । तत्काल दर्ता गर्ने र मन्दिर केही जिर्ण भएकोले यसलाई ठूलो मन्दिर निर्माण गर्ने योजना छ । कच्ची बाटोलाई ग्रेबेलीङ गरी पक्की बनाउने योजना छ । यहाँको साग्दी प्रा.वि. साग्दीमा जम्मा ५ कक्षा सम्म पढाई हुन्छ भने यसलाई मा.वि. बनाउने लक्ष्य छ । यसलाई प्रचार प्रसार गरी यस मन्दिर र कुण्डको विशेषता देश विदेशमा फैलाउने र विभिन्न देशवाट पर्यटकहरु भित्रयाउने लक्ष्य सहित यस समितीले गुरुयोजना निर्माण गरेको छ ।

## ५.५ धार्मिक, सांस्कृतिक एवंम वातावरणीय महत्व र विकासका सम्भावनाहरु

ऐतिहासिक दृष्टिले बागलुङ जिल्लाको बाटाकाचौर गा.वि.स.वार्ड नं.९ मा अवस्थित सत्यवती मन्दिरको गौरव र गरिमालाई कम महत्वपूर्ण मान्न सकिदैन । तसर्थ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक एवम् पर्यटकीय दृष्टिकोणबाट यस सत्यवती मन्दिरलाई अत्यन्तै महत्वपूर्ण स्थलको रुपमा लिन सकिन्छ । यसको महत्व केलाउनु अघि धर्म र संस्कृति बीचको आपसी सम्वन्धमा छोटो चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

मानव जीवनमा धर्मले सर्वोपरि महत्व राख्दछ । कुनै पनि व्यक्तिले आफ्नो जीवनलाई पवित्र, शुद्ध तथा समय सापेक्ष बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धर्मको माध्ययमद्वारा नै त्यस अनुरुपको संस्कार अपनाएको हुन्छ । यसरी धर्मले संस्कारलाई अगाडि बढाउँछ भने संस्कारले संस्कृतिको निर्माण गर्दछ । कुनै पनि समाज वा राष्ट्रको संस्कृति निर्माणमा शताब्दीयौ समय खर्चिएको हुन्छ । त्यति लामो समयको दौरानमा निर्मित संस्कृति त्यस समाज र राष्ट्रोपयोगी बन्न सकेन भने शताब्दीयौ सम्मको लगन, परिश्रम र सिकाइ व्यर्थ हुन जान्छ । फलतः त्यस संस्कृतिले निरन्तरता प्राप्त गर्न सक्दैन । यसरी धर्म, संस्कार र संस्कृतिले एक अर्काको परिपुरकको रुपमा कार्य गरेका हुन्छन् । यसबाट के प्रष्ट हुन जान्छ भने धर्म र संस्कृतिको अत्यन्तै निकटको सम्वन्ध रहेको हुन्छ ।

धर्मिक क्रियाकलापहरुद्वारा नै मनुष्यले मोक्ष प्राप्त गर्न सक्दछ भन्ने दृढ विश्वास हिन्दुहरुमा रहेको पाइन्छ । आत्माशुद्धि गर्न जीवनलाई वाधारहित पारी उन्नतिको मार्गतिर सदा अग्रसर गराउने धार्मिक र सामाजिक चेष्टा नै संस्कार हो । संस्कृतिको उदय धर्म र दर्शनको माध्यमवाट कला-कौशल समाज तथा व्यवहारिक ज्ञानमा परिणत हुन्छ । संस्कृतिलाई परिभाषित गदै पशिचमी विद्वान म्याथ्यु अर्नोल्ड भन्दछन् "समाज र राष्ट्र परिचित हुने कुनै पनि समाज वा राष्ट्रको उपलब्धि नै संस्कृति हो ।"[२] उद्देश्य प्राप्तिको लागी जुन संस्कृतिले जति ठूलो योगदान गर्नसकछ त्यो संस्कृति त्यति नै उतकृष्ट ठहरिन्छ,। त्यो उत्कृटष्ता मान्छेको वुद्धि, शिक्षा एवम् संस्कार मार्फत देखापर्छ । जवसम्म संस्कृति व्यक्ति विशेषमा सीमित रहन्छ तवसम्म व्यक्ति विशेषको मात्र उन्नति संभव हुन्छ ।

संस्कृतिको समान्तर शब्द सभ्यता हो । डा. जोन्सनका बिचार अनुसार वर्वरता विरुद्व जीवित रहने अवस्था नै सभ्यता हो ।[३]

यसरी धर्म, संस्कृति र सभ्यता वीचको आपसी सम्वन्ध र अन्तरनिर्भरताको विश्लेषणवाट यो भन्न सकिन्छ कि धार्मिक कृतिहरुको निर्माण तथा स्थापना आधयात्मिक तथा भौतिक चिन्तन बाटै  हुन्छ । आध्यात्मिक भावनाद्वारा नै सांस्कृतिक परम्पराको प्रारम्भ हुन्छ । यसै सांस्कृतिक परम्पराको जगमा हाम्रा समग्र लोकसंस्कृति र परम्पराहरुले विकसित हुने अवसर प्राप्त गर्दछन् । सत्यवती मन्दिरमा प्रचलित देवी नाच, कौरा नाच, चुड्का, खड्गदेवीको नाँच यसका ज्वलन्त उदाहरण हुन् । धर्मले संस्कार र संस्कारले संस्कृतिलाई

---

[२] अमृता गुरुङ्ग, *"श्री भद्रकाली मन्दिरको सामाजिक, सांस्कृतिक पर्यापरण सम्वन्धी ऐतिहासिक अध्ययन"* (अप्रकाशित शोधपत्र), इतिहास तथा संस्कृति विभाग,२०६४ पृ ५१

[३] लिला बहादुर थापाबाट प्राप्त जानकारी

डोऱ्याउदै अघि वढ्दा सभ्य समाजका निर्माण भएजस्तै धार्मिक भावनाले सांस्कृति क्षेत्र मौलाउन पुग्दछ भने सांस्कृतिक विकासले सामाजिक तथा आर्थिक विकासमा थप टेवा पुऱ्याउन सक्दछ । यदि सत्यवति मन्दिरमा यी प्राचिन धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको स्थापन हुदैनथ्यो भने यहाँको साँस्कृतिक क्षेत्र अर्थात संस्कृति पनि भिन्नै किसिमले विकसित हुन्थ्यो होला भन्न सकिन्छ ।

जव-जव कुनै पनि समाज राम्रा राम्रा संस्कार र संस्कृतिले युक्त भई सभ्यतापथतिर बामे सर्न थाल्दछ तव-तव ती सभ्यता र संस्कृतिको प्रशंसाका स्वरहरु चारैतिर फैलिन पुग्दछ । तिनै गुञ्जायमान स्वरहरुले मानिसहरुलाई त्यस प्रति आकर्षित गर्दछन् । फलत : उक्त स्थल त्यहाँको सभ्यता र संस्कृति नै सवैको चाँसोको विषय तथा आकर्षणको केन्द्र बन्न पुग्दछ । यही प्रसङ्ग यस अध्ययनसँग पनि सम्वद्ध हुनु स्वभाविकै हो । सत्यवती मन्दिरमा रहेका धार्मिक तथा ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु यहाँको धार्मिक तथा सांस्कृतिक विकासको मूल आधार स्तम्भ भएर रहेका छन् । तसर्थ यस क्षेत्रकै समुन्नतिका लागि यिनीहरुको संरक्षण, सम्वर्द्धन र उचित प्रयोग हुनु नितान्त जरुरी देखिन्छ । तसर्थ धार्मिक तथा सांस्कृतिक दृष्टिले यी सम्पदाहरु र यस क्षेत्रकै महत्वलाई कम आंकलन गर्न  मिल्दैन । धार्मिक तथा सांस्कृतिक दृष्टिले यसको महत्व त छदैछ, यसको अलवा यस स्थललाई पर्यटकीय दृष्टिले झनै महत्वपूर्ण मान्न सकिन्छ । यस क्षेत्रलाई ग्रामिण पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिने प्रशस्त संभावनाहरु छन् । समुद्र सतह देखी करीव १९०० मिटरको उचाईमा अवस्थित  ऐतिहासिक तथा मनोरम स्थल सत्यवती मन्दिर दृशयावलोकनका लागि अत्यन्तै महत्वपूर्ण मान्न सकिन्छ । प्राकृतिक सम्पदा, जीव जन्तु, चराचुरुङ्गीका चिरविर आवाज नागवेली परेका खोला नालाहरुको आकृति पनि पर्यटकहरुका लागि मनमोहक दृष्य सावित हुन सक्दछन् । अझै त्यो रमणीय स्थल सत्यवती मन्दिर र यसको वरिपरि रहेका ऐतिहासिक तथा धार्मिक सम्पदाहरु नै पर्यटकहरुका लागि महत्वपूर्ण र लोभलाग्दा दृश्यहरु हुनसक्छन् । यस ठाउँलाई ग्रामिण पर्यटन केन्द्रको रुपमा विकसित गर्न सकिएमा यसैको माध्ययमबाट यहाा विभिन्न व्यवसायहरु चल्न गई स्थानीय जनताहरुमा रोजगारीका मार्गहरु प्रशस्त हुन सक्छन् । फलतः यस क्षेत्रको विकासमा यसले ठूलो टेवा पुऱ्याउन सक्छ ।

**पर्यटकीय महत्व**

नेपालका विभिन्न अनुपन प्राकृतिक सौन्दर्यले भरिएका ठाँउहरुमध्ये यस सत्यवती मन्दिरको नजिकमा रहेको कुण्डको सौर्न्दयलाई लिन सकिन्छ । यसरी यस्तो सौन्दर्यलाई हेर्न नेपालका विभिन्न ठाउँबाट मानिसहरु आउने गर्दछन् । यहाँ नेपालका काठमाडौँ, पोखरा, बुटवल, नेपालगञ्ज र चितवनबाट समेत यहाँ आउने गर्छन । यसरी पर्यटक आगमनले यो ठाँउ निकै चर्चित बनेको छ । यहाँ फूल, माला, टिका बेचेर केहि मानिसको जीवन निर्वाह भएको छ । यहाँ साना साना होटल पनि छन् । यसरी आउने पर्यटकलाई बस्ने र खाने सुविधा प्राप्त भएको छ । भने होटल सञ्चालन गर्ने मानिसको जीवन निर्वाह समेत चलेको छ ।

यो ठाउँमा भएको कुण्डको जल निकै अचम्म भएको हुदाँ यसको जल छर्कन सके विभिन्न किसिमको रोग निको हुन्छ भन्ने विश्वासका साथ स्थानीय र टाढा टाढाका मानिसहरु आउने गर्छन् । विभिन्न ठाँउका विद्यालय बाट शैक्षिक भ्रमणको रुपमा पनि यहाँ शिक्षक र विद्यार्थी आन्तरिक पर्यटकको रुपमा आउने गर्छन् । यहाँ निकै रमाइलो हरीयाली जंगल र विभिन्न किसिमका जंगली जनावर बाघ, भालु, मृग, हरिण, बाँदर र चरा चुरुङ्गीहरु कालीज, ढुकुर, जुरेली, काग जस्ता पंक्षी पाइने भएको हुनाले यहाँ विभिन्न किसिमका पर्यटक आउने गर्छन् ।

यस ठाँउ नजिकै साग्दीको गाँउ भएको र प्रायः मगर जातिको बाहुल्यता भएको कारण रक्सी, जाँड खाएर भ्याउरे गीत गाउन समेत पाइने र रमाइलो गर्न पाईने भएको हुनाले पर्यटकको लागि यो ठाँउ निकै महत्वपूर्ण छ ।

# परिच्छेद : छ

# धार्मिक, सांस्कृतिक जीवन र वातावरणमा श्री सत्यवती मन्दिर क्षेत्रको प्रभाव

## ६.१ पृष्ठभूमी

मानव सभ्यतालाई नियाल्ने हो भने आदिम कालदेखिनै समाजको अनौपचारिक शुरुवात भएको देखिन्छ । ढुङ्गे युगमा पनि मानिस समूहमा शिकार गर्ने अर्थात आङ ढाक्न नजान्ने अर्ध मानावहरुमा पनि सामूहिक चेतनाको विकास भएको थियो । तसर्थ समाज र मानवको अनोन्याश्रित सम्बन्ध छ भन्नु उपयुक्त हुन्छ । समाज नै मानव जीवनमा सार्थकताको कसी हो ।

यदि समाजको उपर्युक्त मूल्यांकन गर्ने हो भने यसलाई विविध पक्षहरुले असर पारेको पाइन्छ । ती मध्ये, भौगोलिक स्थिति, सांस्कृतिक विचारधारा, परम्परागत सोच, धार्मिक मूल्य र मान्यता, तथा अन्य मानवीय विकासका पक्षहरुलाई अग्रपंक्तीमा पाइन्छ । जुनसुकै भौगोलिक स्थानहरुमा पनि धार्मिक विचारधारा उजागर भएको पाइन्छ, फरक यति मात्र हो भिन्न स्थान र परिवेशमा भिन्न धार्मिक सोच देखिन्छ । अर्को अर्थमा भन्ने हो भने धर्म अनुशासनको अर्को नाउं हो । हुन त महान दार्शनिक कार्ल माक्सको दृष्टिमा “धर्म अफिम हो”। जसअन्तर्गत संसारकै एक नामुद दार्शनिक कालमार्क्सले आफ्नो बहुचर्चित पुस्तक दास क्यापिटलमा वर्ग संघर्षको बारेमा उल्लेख गरेका छन्,[१] सोही किताबमा धर्मलाई समाजमा शोषणको अर्थात वर्ग अन्तरको प्रमुख कारकतत्व मान्दै उक्त किताबमा उनले धर्मलाई अफिमको संज्ञा दिएका छन् । तर पनि एउटा यथार्थता यो हो कि प्रत्येक मानव सभ्यताको अध्ययन गर्नु हुन्छ भने चाहे इन्डज उपत्यका सभ्यता, मेसोपोटामिया सभ्यता, नाइल उपत्यका सभ्यता, ह्वाङहो सभ्यता, आर्य सभ्यता आदि सबै धार्मिक धरातलमा उभिएका थिए । यसै सन्दर्भमा यहाँ श्री सत्यवतीमन्दिरले विशेषतः हिन्दू गैर हिन्दू र स्थानीय समुदायमा के कस्तो धार्मिक, सामाजिक एवम् सांस्कृतिक प्रभाव पारेको छ भन्ने

---

[१] अमृता गुरुङ्ग, “श्री भद्रकाली मन्दिरको सामाजिक, सांस्कृतिक पर्यापरण सम्वन्धी ऐतिहासिक अध्ययन” (अप्रकाशित शोधपत्र), पोखरा-इतिहास तथा संस्कृति विभाग, २०६४ पृष्ठ ४८ ।

अध्ययन गर्नु हो । यहां विभिन्न महानुभावहरुको भनाइ, लेख रचना तथा अध्ययनको आधारमा यथार्थता र बस्तुपरकताको उत्खनन गर्ने प्रयास गरिएको छ ।

## ६.२ धार्मिक प्रभाव

धर्म वास्तवमा नैतिकता र विवेकको एक कसि हो । जस्तो सुन जस्तो खारिएर स्पष्ट झलक र टलक दिन्छ । विवेक र नैतिकताले यथार्थमा गहन अर्थ र क्षेत्र ओगटेको हुन्छ । हामीले अलौकिक शक्तिलाई जुन रुपले श्रद्ध, आस्था र आराधना गरेपनि आफूले गरेका अक्षम्य कुकार्य देखि परलोक सपार्ने वा परलोकको लागि आफ्नो ढोका खुल्ला राख्ने भावना र उद्देश्यले मानिसहरु बढी आस्तिक भएको पाइन्छ । संसारमा साायदै त्यस्तो मानसिक वा व्यक्ति होला जो धर्मप्रति कुनै न कुनै रुपमा प्रभावित नभएको होस् चाहे त्यो साम्यवादी होस् वा समाजवादी ।[२]

निश्चय नै मठ मन्दिरहरुको धार्मिक प्रभाव ज्यादै प्रवल हुन्छ । यस मामिलामा सत्यवतीमन्दिरको प्रभावलाई नकार्न कदापि मिल्दैन । वरिष्ठ समाज सेवी तथा शिक्षकश्री गोविन्द प्रसाद घिमिरे भन्नुहुन्छ, "यहाँ प्रायः मानिसहरु धार्मिक आस्था बोकेर आउँछन् । जसले विशेषतः मानिसको चिन्तनमा प्रभावकारी भूमिका खेल्दछ[३] ।" उहाँको भनाइ बस्तुपरक भेटिन्छ । मानिस वाहिर जति नै नास्तिक भेटिएता पनि मन्दिरको अगाडि धेरै थोरै झुकेको पाइन्छ । सत्यवतीमन्दिरले स्थानीय र गैर स्थानीय मानिसहरुलाई अमिट छाप पारेको छ । यसले केही हदसम्म पश्चात्य धार्मिक आस्था बोक्ने नेपालीहरुलाई आफ्नै मौलिक धर्म र संस्कृतिमा समाहित गर्न खोजे जस्तो भान हुन्छ । हिजो आजको परिवेशमा हेर्ने हो भने हामी नेपालीहरु गैर हिन्दू धर्मप्रति ज्यादै आकर्षित भएको पाउँछौं । जसको मुख्य कारण आर्थिक प्रलोभन र आफुलाई अरुभन्दा विकसित र सभ्य तुल्याउनु पनि रहेको छ । यस्तै अवस्था रहिरह्यो भने भविष्यमा हिन्दू धर्म भन्ने केवल किताबी शब्द मात्रै बन्न सक्छ । यसरी विभिन्न क्षेत्रमा यस्ता धार्मिक स्थलको अवस्थितिले धार्मिक रितीरिवाज जोगाउनमा ज्यादै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ विवाह, ब्रतबन्ध एवम् अन्य धार्मिक संस्कारहरु सम्पन्न गरिन्छ । पं. श्री गोविन्द प्रसाद घिमिरे ज्यूलाई उदधृत गर्ने हो

[२] डा. दिल बहादुर क्षेत्री, सिद्ध शक्तिपीठ, *श्री विन्ध्यावासिनी तथा पोखराका केही मठमन्दिरहरु, संक्षिप्त परिचय,* विन्ध्यावासिनी, धार्मिक क्षेत्र विकास समिति, पोखरा नेपाल (२०५७) पृ. ११

[३] तुलसी राम पौड्याल, अन्तवार्ताबाट जानकारी

भने विवाहको लगनका अवसर कुनै-कुनै बेला शुभलगनमा एकै दिनमा धेरै जोडीहरु विवाह बन्धनमा बाधिन्छन् । तसर्थ यसले हिन्दू धार्मिक समाजमा ठूलो भूमिका निर्वाह गरेको कुरा मान्दा असान्दर्भिक ठहर्दैन ।[४]

## ६.३ सामाजिक एवम् साँस्कृतिक प्रभाव

वैदिकयुगमा भारतवर्षका समतल भुभागमा वस्ने आर्यहरुले जसरी प्रकृतिका दृष्य शक्तिलाई अजय शक्तिका पुञ्जठानी आराधना गर्दथे । त्यही परम्पराको उत्तरवर्ती चरणमा सामार देव देवीको कल्पना र ऐतिहासिक बीर पुरुषका गाथा चक्र समेत वनाई उपसन ागर्न थालेको हामी बुझ्दछौ । यस प्रकार मानिसले आफ्ना लघुताबाट त्रसित र द्रवित मै शक्तिको आड भरोसा खोज्ने क्रममा पनि शक्ति आराधना गर्न थालेको तथ्य भने कुनै न कुनै रुपमा संसारका समाजको सामाजिक सांस्कृतिक इतिहास पाउछौं ।[५]

समाज विभिन्न दृष्टिकोण, धारणा एवम् क्रियाकलाप भएका मानिसहरुको जमघट हो । विगतमा एक समाजमा सामान्यतया वैचारिक, साँस्कृतिक एवम् जातिय समानता भएका मानिसहरु रहन्थे । तर हाल आएर प्रत्येक समाज शिक्षित समाजको रुपमा रुपान्तरित हुदैछ । यस्तो परिस्थितिमा एक स्थान एवम् अवधाराणाले कस्तो महत्व बोकेको छ भन्ने प्रश्न गहन छ । तर पनि सत्यवतीमन्दिर परिसरले मानिसहरुको सामाजिक र साँस्कृतिक अवधाराणामा कस्तो असर पारेको छ भन्ने प्रसंग कोट्याउन खोजीएको छ । हाम्रो यथार्थलाई नियाल्दा समाज र मानवीय जीवनको सम्बन्ध प्रगाढ छ । मानिस नै एक मात्र त्यस्तो प्राणी हो, जसले आफ्नो बुद्धि र विवेकले समस्त सृष्टिलाई आफ्नो अनुकूल मोड्न धेरै थोरै सफल देखिन्छ । समयको अन्तरालमा मानव समाजमा कल्याणकारी भावना एवम् उत्थान र विकासलाई टेवा पुऱ्याउने संघ संस्थाहरु र धार्मिक स्थलहरु अस्थित्वमा आउन थाले । वास्तवमा हिन्दू तथा बौद्ध धर्ममा आधारित नेपाली समाजलाई नियाल्दा मठ मन्दिर, गुम्बा, चैत्य, स्तुपाहरुले धार्मिक भावनाको प्रतिनिधित्व गरेको पाइन्छ । यसको अर्थ कुनै पनि मठ मन्दिर एवम् स्तुप आदि मानवीय भावना र वातावरणीय संरक्षण एवम् सम्वर्द्धनको प्रतीकको रुपमा निर्माण गरिएका छन् । वास्तविकतालाई नियाल्ने हो भने हाम्रा आसपासमा रहेका विविध मठ मन्दिर, गुम्बा, विहार तथा गुफाले केवल सोही स्थानको

[४] गोविन्द प्रसाद घिमिरेको अन्तरवार्ताबाट जानकारी

[५] लोक प्रसाद शर्मा भट्टराई, *धार्मिक सांस्कृतिक र पर्यटनतीर्थ मनकामना* : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. प्रकाशक कीर्तिपुर (२०५२) पृ. ९

समाज मात्र नभएर मुलुककै विविध साँस्कृतिक, आर्थिक, सामाजिक एवम् वातावरणीय आदि क्षेत्रमा गहिरो प्रभाव पारेको देखिन्छ । साँस्कृतिक दृष्टिले नेपाली समाजमा रहेका समग्र मठ मन्दिर, गुम्बा, विहार, चैत्य, स्तुप तथा गुफा आदि साँस्कृतिक धरोहर तथा नेपालको पहिचान बन्न पुगेका छन् । तसर्थ यिनीहरले हाम्रो समाजका मूल आधार हिन्दू तथा बौद्ध धर्म, भावना र आस्थामा आधारित जात जाति तथा समुदायको अस्तित्व पहिचान र उनीहरुको संस्कार संस्कृतिको स्पष्ट रुपमा प्रतिनिधित्व गरेका छन् ।

हाम्रा मठ मन्दिर, गुफा, विहार तथा स्तूपहरु वास्तवमा शान्तिका प्रतीक तथा नैतिक शिक्षाका अधारशिला समेत बनेका छन् । किनकी यिनीहरुले जस्तै खराब प्रवृतिको मानिस किन नहोस उसलाई अर्कै मनोवैज्ञानिक असर पार्दछन् । जस्तै : नास्तिक भए पनि झुकेर तत्क्षणका लागि भएपनि उसले नराम्रो सोच राख्न सक्तैन । फलस्वरुप यसले नैतिकबल र मानवीय भावना र संस्कारको विकासमा ठूलो टेवा पुऱ्याएको छ ।

साथै 'धर्मको बैकल्पिक नाउँ अनुशासन हो' आध्यात्मिक भावनाले मानव चेतनाको विकास गर्दछ । भौतिक संसारमा आध्यात्मिक चिन्तनले मानिसलाई शान्ति प्रदान गरेको छ । अर्कोतर्फ स-साना नानीहरुमा आधार भावको विकास हुनुले सामाजिक मर्यादाको विकास गरेको पाइन्छ । यस मन्दिर प्रति श्रद्धा र भत्तिभावले विदेशी र स्वदेशी दर्शनाभिलाशिहरु आउँदछन् । फलतः अन्तरदेशीय साँस्कृतिक विचारहरुको आदान प्रदान भएको देखिन्छ । यस क्षेत्रको सामाजिक महत्वले विदेशी पर्यटक पनि आकर्षित भएको देखिन्छ । जसको परिणाम स्वरुप सामाजिक सदभाव वृद्धि तथा आय आर्जन बढ्दछ । साथै यस मन्दिरले हाम्रा पुराना सामाजिक मूल्य मान्यतालाई बचाएर राख्ने काम गरेको छ । असल कार्य श्रद्धाभावका साथ सुरुवात गर्नु ज्यादै राम्रो पक्ष हो ।

सरसरती हेर्दा सत्यवतीमन्दिरको सामाजिक र साँस्कृतिक योगदान उल्लेखनिय छ । तर पनि जहां प्रकाश हुन्छ त्यहाँ छाया अवश्य भेटिन्छ । मन्दिर परिसरमा यत्रतत्र फोहर फाल्ने, भिडभाडमा पालो मिच्ने जस्ता कार्य हाम्रो सभ्यताका विपरीत छन् । अर्को पाटो आधा विकसित उक्त आधुनिक सभ्यता हो । साथै उक्त स्थललाई पर्यटक र युवा-युवतीहरुको आकर्षणको केन्द्र बनाउनका निम्ति वनभोज र अन्य कार्यक्रमको प्रयोजन गर्न थालेपछि शान्त तथा पवित्र स्थलमा मद्यपान र अन्य लागु पदार्थ सेवन गरी होहल्ला गरेको पनि पाइएको छ । धर्मको नाउँमा रुप, गरगहना र आडम्वर बोक्ने नक्कली धर्म अनुयायीहरु

बढ्नु पनि दुखद कुरा हो । यस्ता पक्षहरुप्रति सामाजिक चासो बढ्नु अत्यन्त आवश्यक छ । खराब पक्षहरुलाई हटाएर अगाडि बढ्न सके श्री सत्यवतीमन्दिरको भविष्य उज्वल देखिन्छ ।

## ६.४ आर्थिक प्रभाव

अर्थ मानव जीवन निर्वाहको प्रमुख आधार हो । तसर्थ कुनै पक्षको अध्ययन गर्दा आर्थिक पक्षलाई छुटाउन मिल्दैन । मन्दिरमा हुने क्रियाकलापले धेरै मानिसहरुको गुजारा चलेको छ । मन्दिर परिसरमा नै पुजा सामाग्री विक्री गर्ने र चमेना गृहसमेत सञ्चालित छन्, जसमा राम्रै कमाइ भएको देखिन्छ । त्यस्तै पुजारीको आम्दानीको मन्दिरको दान दक्षिणा एवम् भेटीले गर्दा पुजारी श्री धर्मदत न्यौपाने को सामूहिक परिवारको खर्च चलेको छ । यतिमात्र नभएर यस मन्दिरको आम्दानीबाट पुजारी परिवारको खानपिन सहित पूजा प्रसाद, धूपबत्ती आदिको व्यवस्था, कालान्तरसम्म मठ मन्दिरमा नित्य नैमित्तिक रुपमा पूजा-आजा,मन्दिरको जिर्णोद्धार एवम् अन्य कार्यमा खर्च भएको देखिन्छ । व्यवस्थापन समितीको गुरुयोजना अनुसार दृश्य अवलोकन केन्द्र बनाउने लक्ष्य बनेको छ । यदि यो सफल भएमा बागलुङ जिल्लाको महत्वपूर्ण मनोरञ्जनात्मक र रोमान्चक दृश्यावलोकन गर्न असंख्य मानिसहरु आउने टडकारो सम्भावना देखिन्छ, धार्मिक आस्थाले आर्थिक क्रियाकलापमा राम्रै प्रभाव पर्ने देखिन्छ । जे जस्तो होस् अरु प्रचार-प्रसार गर्न सके स्थानिय बासीहरुले आफ्नो आय स्तर उकास्न सक्ने कुरा निर्विवाद छ ।

## ६.५ वातावरणीय प्रभाव

वातावरण आजको तातो वहसको विषय हो विश्वमा बढेको तापमान वृद्धिले गम्भीर समस्या खडा गरेको छ । यस परिवेशमा नेपाल तथा यसको कुनै एक स्थानको वातावरणीय असरलाई उल्लेख गर्न सान्दर्भिक ठहर्छ ।

यस परिवेशमा सत्यवती परिसरले यहाँको वातावरणमा पारेको प्रभाव उल्लेखनीय छ । वर्तमान समयमा विकेन्द्रीकरणको असफल कार्यान्वयनले शहरीकरण बढ्दै गएको छ, जसको सिंगो उदाहरणको रुपमा बागलुङ उभिएको कुरा सबैमा ज्ञात छ । अव शहर बजारमा हरियो देख्न हरियो चस्मा लगाउनु पर्ने स्थिति आइसक्यो । किस्ताबन्दीमा नै किन नहोस् नेपालीको सवारी साधनको मोह बढ्दै गइरहेको छ । फलतः कार्वन्डाईअक्साइडको मात्रा दिनानुदिन उकालो लाग्दैछ । केही क्षेत्रफल ओगटेको सत्यवतीमन्दिर परिसरमा देखिने

हरियालीले सत्यवती मन्दिर परिसर लगायत वरपरको वातावरणलाई उल्लेख्य मात्रामा प्रभाव पारेको छ । सानै ठाउँ किन नहोस, यसले मौसमी परिवर्तन, वर्षा र अन्य प्राकृतिक संवेगहरुलाई आफ्नो हिस्साअनुसार अनुकूल बनाउने प्रयास गरेको छ । व्यवस्थापन समितीका सचिव श्री इन्द्र वहादुर श्रीस भन्नुहुन्छ, "सत्यवती मन्दिर परिसरको जंगलले आधुनिक नेपाली सभ्यतामा हरित उर्वरभूमिको काम गरेको छ[६] । उहाँको भनाइलाई गहन अध्ययन गर्ने हो भने, वातावरणीय गिरावटमा यस क्षेत्रले सांच्चै मरुद्यानको काम गरेको छ । "एक वृक्ष शतपुत्र समान" भन्ने उक्तिबाट पनि वनको महत्व बारे प्रष्ट हुन्छ । वृक्ष महात्म्यमा पनि रुखहरुलाई भगवानसँग दाँजिएको छ । यस्तै धार्मिक दृष्टिकोणले वन जंगललाई ज्यादै उच्च स्थान दिएको पाइन्छ । त्यसमा पनि धार्मिक दृष्टिले वरपिपल रोप्यो भने पुण्य प्राप्त हुन्छ भनिन्छ तर बैज्ञानिक अनुसन्धानबाट पिपलको वृक्षले सबैभन्दा बढी अक्सिजन प्रदान गर्ने प्रमाणित भैसकेको छ । त्यस्तैगरि रुद्राक्षको रुख र त्यसबाट उत्पादन हुने फललाई हिन्दू र बौद्ध दुबै संस्कारमा अत्यन्त पवित्र मानिन्छ । त्यसैगरि वनजंगलले आफ्नो वरिपरिको वातावरणलाई चिसो बनाई पानीको मुहानलाई सुक्नदेखि बचाई जलस्रोतको पनि संरक्षण गर्छ ।

प्राकृतिक सम्पदाको संरक्षणमा पनि मठमन्दिर र गुठी व्यवस्थाको योगदान उल्लेखनीय रहेको छ । वन जङ्गलले वातावरणलाई नै स्वच्छ एवम् शीतल बनाउनुका साथै पानीको मुहानलाई सुक्नबाट बचाई जलस्रोतको पनि संरक्षण गर्दछन् । वन जङ्गलको महत्वलाई आत्मासात गर्दै देवी देवताहरु पनि वनजङ्गल, एकान्त स्थल एवम् पहाडका टाकुराहरुमा बास गर्दछन् भन्ने भावनाले वनजङ्गल भएकै स्थानमा मठ मन्दिर निर्माण गर्ने तथा मठ मन्दिर परिसरका रुख विरुवा र वनजङ्गलका काठपात काट्न नहुने वा तिनलाई संरक्षण गर्ने हाम्रो संस्कार नै बनिसकेको छ । सोही परम्परा अनुसार प्राचीन कालदेखि नै यहाँका शक्तिपीठ एवम् कोट मौलाहरुलाई वनदुर्गाको रुपमा विकास गर्ने वा मठ मन्दिर आसपासक वन जङ्गलको संरक्षण गर्ने परिपाटी यस क्षेत्रमा पाइन्छ ।

### ६.५.१ पर्यटकिय प्रभाव

WTO (World Tourism Organization) को भनाई अनुसार कुनै पनि व्यक्ति स्वदेश भित्रै आफ्नो बासस्थान छोडी अर्को ठाउँमा भ्रमण गरी कम्तीमा एक रात बिताउने गर्छन

[६] श्री इन्द्र बहादुर श्रीश, अन्तवार्ताबाट प्राप्त जानकारी

भने त्यस्तो व्यक्ति आन्तरिक पर्यटक भनिन्छ । त्यसैगरी कुनै पनि व्यक्ति आफ्नो मूलकबाट अर्को मूलुकमा भ्रमण गर्छन भने उक्त भ्रमण कर्तालाई बाह्य पर्यटक भनिन्छ ।[७]

यदि कुनै पनि व्यक्ति त्यसैदिन भ्रमण गरेर आफ्नो बासस्थानमा फर्कन्छ भने त्यस्तोलाई सोहि दिनको भ्रमणकर्ता मात्र भनिन्छ ।

पर्यटन विभिन्न प्रकारका हुन्छन् जस्तै :

सांस्कृतिक पर्यटन

मनोरञ्जन पर्यटन

खेलकुद पर्यटन

स्वास्थ्य पर्यटन

व्यापार पर्यटन आदि[८] ।

'पर्यटन' शब्दको चलनचल्तीको अर्थ वा सामान्य अर्थ यात्रा वा भ्रमण भन्ने हुन्छ तर वर्तमान समयमा विश्वभरि नै पर्यटनको विकास अनैकौ नियम र विधान व्यवस्थापन लगायत नौला नौला विधाहरुमा योजनावद्ध तवरले भएको पाइन्छ ।

पर्यटनलाई विभिन्न तरिकाबाट व्याख्या गरिएको छ ।

हिन्दुहरुको निम्ती पर्यटन शब्द संस्कृति भाषाको, अटन, मूलबाट भएको पाइन्छ, संस्कृत ग्रन्थहरुमा अटन मूलबाट तीनवटा शब्दहरु पाइन्छन् ।

१) पर्यटन अथवा ज्ञान तथा मोज मस्तीका, निम्ती भ्रमणशील हुनु ।

२) देशाटन अथवा विभिन्न मूलुकको अवलोकन र आर्थिक आर्जनका लागि भ्रमणशिल हुनु ।

३) तीर्थाटन वाा धर्मका लागि विभिन्न ठाउँमा भ्रमण हुनु ।[९]

यस्तै विभिन्न प्रकारका पर्यटनहरुमध्ये यस बागलुङ जिल्ला बाटाकाचौरस्थित श्री सत्यवती मन्दिरमा आन्तरिक र बाह्य पर्यटक दुवै आउने गर्छन् । यहाँ पूजा पाठ वर आदि माग्न आउने भएकाले यिनीहरु सांस्कृतिक पर्यटक हुन्छन् भने कोही मानिसहरु मनोरञ्जन गर्न विभिन्न ठाउँको दृश्यावलोकन गर्न आउने भएको हुँदा मनोरञ्जनात्मक पर्यटक पनि

---

[७] खेमराज पोखरेल र गोविन्दमान सिंह कार्की, *पर्यटन र विकास,* अनुराग प्रकाशन, काठमाडौं, २०५५, पृ.२१० ।

[८] उदव पुरी, *पर्यटन र विकास,* तलेजु प्रकाशन, २०५८, पृ. २०६ ।

[९] डा. गणेश क्षेत्री रामचन्द्र रायमाफी *पर्यटन विकास र व्यवस्थापन,* एशिया पब्लिकेशन बागबजार, काठमाडौं (२०५७) पृ. १२

हुन्छन् । व्यापार पर्यटनकहरु विभिन्न किसिमका सामान लिएर व्यापार गर्न आउने भएको हुँदा यि व्यापारिक पर्यटक भन्न सकिन्छ ।

त्यसकारण यहाँ आन्तरिक र बाह्य पर्यटकहरु दुवैको आगमन हुने गर्दछ भने बाह्य पर्यटकमा विशेष गरेर भारतबाट आउने गर्दछन् ।[१०]

यस मन्दिरलाई पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गर्न सकेमा यहा यातायातको विकासको साथै उच्चस्तरको होटेलहरु निर्माण हुन सक्ने सम्भावना रहन्थ्यो । जसबाट स्थानियवासीहरु पर्यटन व्यवसायिबाट लाभान्नित भई यस क्षेत्रमा पर्यटकिय प्रभाव अझ सकारात्मक रुपले वृद्धी हुन सक्थ्यो ।

### ६.५.२ धार्मिक वनको अवधारणा

सामान्यतया धार्मिक वन भन्नाले कुनै पनि वन जंगललाई सम्वन्धित निकायको अनुमतिमा धार्मिक समूह वा समुदायलाई सञ्चालन गर्न दिइनुलाई जनाउँदछ । यसको संरक्षण तथा रेखदेख गर्ने जिम्मा सोही धार्मिक समूहले प्राप्त गर्दछ भने यसको प्रमुख उद्देश्य धार्मिक महत्वलाई उजागर गर्नु हुन्छ । प्रायः यस्ता वनहरु धार्मिक समूहद्वारा सञ्चालित हुने हुँदा विशेष वृक्षहरुलाई प्राथमिकता दिइन्छ । तर पनि यो कानुनी बाध्यता हैन । यस्ता वनहरुमा रुद्राक्ष, वर-पपिल, बेलपत्र, अमला जस्ता वोटविरुवाहरुको प्रधानता पाइन्छ । त्यहाँ उत्पादित वस्तु धार्मिक अनुष्ठानका प्रयोजनका लागि प्रयोग गरिन्छ ।

यस्ता वनहरु धार्मिक वनको रुपमा विकास गर्न चाहेमा कुनै पनि इच्छुक धार्मिक संघ-संस्था वा समुदायले सर्वप्रथम त्यस्ता वन जंगलको क्षेत्रको विस्तृत योजनाका सथै त्यसको सीमाना समेत उल्लेख गरी सम्बन्धित जिल्ला वन कार्यलयमा, जिल्ला वन अधिकृत समक्ष निवेदन पेश गर्नुपर्छ । निवेदन पेश गरेपछि बन नियमावली अनुसार जिल्ला वन कार्यालयले कानुनी दायारामा रहेर आवश्यक जाँच-सर्भेक्षण गरी त्यस्तो वन क्षेत्र विकास गर्नका लागि स्वीकृति दिने व्यवस्था छ । त्यसमा समूहको अधिकार र चाहनालाई पनि सुनिश्चित गर्नुपर्छ ।

यस्ता वनका उत्पादन र वस्तुहरु निर्धारित धार्मिक संस्था, समुह वा समुदायले व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न नपाउने तर धार्मिक क्रियाकलापका लागि प्रयोग गर्न पाउने प्रावधान रहेको हुन्छ ।  त्यस्ता क्षेत्रका वृक्षहरु जथाभावी फडानी गर्न पाइदैन । साथै

---

[१०] प्रत्यक्ष अवलोकनबाट जानकारी प्राप्त ।

त्यस वरपरको वातावरणमा पनि नकारात्मक प्रभाव पार्ने क्रियाकलापहरु गैरकानुनी ठहरिन्छन् । कुनै गलत क्रियाकलाप हुन गए वा त्यस्ता वनको संरक्षण नभएमा उक्त धार्मिक संस्था समुदायबाट उक्त क्षेत्र खोसिन पनि सक्छ । यदि त्यस्ता संस्था जिल्ला वन अधिकृतबाट चालिएका कुनै कदमवाट असन्तुष्ट भएमा सम्बन्धी निकायले आफ्नो शिकायत वन निर्देशक समक्ष गर्न सक्दछन् । त्यस्तो परिस्थितिमा क्षेत्रीय वन कार्यलयका निर्देशकबाट गरिएको निर्णय अन्तिम हुने नेपाल वन विभागको कानुनी प्रावधानमा उल्लेख गरिएको छ ।

बागलुङ जिल्लामा रहेको वनजंगलको सर्सती अध्ययन गर्दा यस्तो धार्मिक वनको अवधाराणा कमै विकसित भएको पाइन्छ । यस्ता वनका कानुनी प्रक्रिया पुऱ्याई विकसित भएको वनमा केही वनमात्र वन कार्यालयमा दर्ता भएको देखिन्छ । तसर्थ यस दायरा भित्र श्री सत्यवती मन्दिर परिसरको वन पर्न नसकेको पक्ष उजागर गर्न शोधकर्ताको जिम्मेवारी रहन्छ । यस मन्दिर व्यवस्थापन समितिको पनि प्रयास रहेको छ । सर्सती हेर्दा जनमानसमा धार्मिक वनबारे जनचेतना जगाउनु पर्ने देखिन्छ ।

# परिच्छेद : सात

# निष्कर्ष र सुझाव

## ७.१ निष्कर्ष

भिन्न धार्मिक सोच र आस्था बोकेकाहरूको देश नेपाल यस्ता विभिन्न मठ-मन्दिर, पाटी-पौवा तथा ऐतिहासिक एवम् धार्मिक धरोहरको समिश्रण नै हो, जसलाई नकार्नु सूर्यलाई हत्केलाले छोप्नु जस्तै हो । मानिसका विचार, भावना र व्यवहारलाई समय र परिस्थितीले अवश्य प्रभाव पारेको हुन्छ । तर पनि हाम्रा परम्परागत सोच, स्थल र बस्तुहरूको आफ्नै मूल्य छ । वास्तवमै ती अपार र गर्व योग्य छन् । सायद ति देशको एक कुनामा भए पनि तिनको प्रचार आवश्यक हुन्छ । यहाँ 'श्री सत्यवतीमन्दिर' परिसरको ऐतिहासिक र सामाजिक महत्व झल्काउनुको अर्थ हिन्दू धर्मलाई मात्रजोड दिनखोजिएको चाहिँ अवश्य होइन ।

नेपाल धार्मिक सहिष्णुता बोकेको देश हो । जहाँ हिन्दू, बौद्ध, इस्लाम, ईसाई आदि धर्मावलम्बीहरूको उल्लेख्य र उत्साहवर्द्धक उपस्थिति देखिन्छ । यसको अर्थ जुनसुकै धर्म र सम्प्रदायका किन नहुन, यस्ता राष्ट्रिय सामाजिक र धार्मिक धरोहरहरूको उचित संरक्षण हुनुपर्ने देखिन्छ र अध्ययनकर्ताको सोच पनि यही विचारमा आधारित छ । हुनतः यो एक विशाल समुद्रमा मिसिने एक लोटा पानी जस्तै हो ।

आज समग्र विश्व धार्मिक, सामाजिक र वैचारिक द्वन्द्वमा फसेको छ । धार्मिक विचारहरूको मेलको श्रेष्ठतम् उदाहरणको रूपमा नेपाललाई मान्नुपर्ने हुन्छ । तसर्थ आजका दिनमा कुनै धर्म वा सम्प्रदाय विशेषले भन्दा सिङ्गो नेपाली समुदायले यिनीहरूको महत्वलाई पहिचान गर्न आवश्यक देखिन्छ । यसरी नै सत्यवतीमन्दिर परिसरको विशेषतः बाटाकाचौर समुदायले विशेष चाख लिर्नुपर्ने देखिन्छ । सोही कार्यको थालनी संचालक समितीले विगतदेखि वर्तमान सम्म गरेर राम्रो काम गरेको छ ।

विकासको परिवर्तित परिभाषासँगै भौतिकवादले जरो गाड्दै छ । यही बाटाकाचौरका जनमानसले पनि अंगालेको छ भन्दा असान्दर्भिक नहोला । तर पनि सत्यवतीमन्दिर परिसरले मरूउद्यानको काम गरेको छ । यसले धार्मिक, सामाजिक, पर्यावरणीय तथा विविध पक्षहरूमा अत्यन्त राम्रो प्रभाव परेको देखिन्छ । यदि धार्मिक पक्षलाई नियाल्ने हो भने देवीहरूको प्रतीकको रूपमा खडा भएको छ । प्रायः मानिसहरूको आस्थालाई आफुभित्र

समाहितगर्न सफल रहनुलाई सह्रानीय पक्ष मान्नुपर्दछ । आन्तरिक बाह्य धर्मावलम्वीहरूलाई आध्यात्मिकता तिर डोऱ्याइरहेको छ । जसले मानिसहरूमा धर्म संस्कृति तथा परम्परागत संरचना एवम् सोंचलाई आफ्नो स्थानबाट टेवा पुऱ्याइरहेको देखिन्छ ।

वातावरणीय रूपमा यस क्षेत्रको प्रभावलाई उच्च मूल्यांकन गर्न आवश्यक छ । वनजङ्गल र अन्य वातावरणीय पक्षहरूको समुचित विकास गर्न खोजिएको देखिन्छ । तर पनि बढ्दो वातावरणीय प्रदूषणले भोली यस पक्षलाई असर नपार्ला भन्न सकिन्न । तसर्थ यस पक्षतर्फ चनाखो भई अगाडि बढ्नु पर्दछ । यस परिसरभित्र देखिएको फोहोर व्यवस्थापन अनावश्यक भिड र तडक भडक एवम् संस्कृति र परम्पराको नाममा हुने खराब आचरण तथा व्यवहार तर्फ चनाखो हुँदै संचालक समिति तथा अन्य सम्बन्धित निकायहरू अगाडि बढेको देखिन्छ तर पनि यो पूर्ण चाहिँ छैन् । बदलिँदो समय र परिस्थिति अनुसार मन्दिरका निति नियमलाई समायोजन गर्न सके सुनमा सुगन्धहुने कुरा नकार्न सकिदैंन ।

अतः सबैले आफ्नो व्यक्तिगत तथा समुहगत हितलाई त्यागेर मन्दिरको समग्र विकासमा जोड दिनुपर्दछ । साथै सम्बन्धित निकायले यसलाई प्राथमिकताका साथ हेर्नु पर्दछ । यस्तै एक धार्मिक स्थलको रूपमा विगतदेखि वर्तमानसम्म परिचित यस मन्दिरमा नियमित रूपमा पूजाआराधना व्यवस्थित गर्न र यसको प्रचार-प्रसार जोड दिने काममा समेत यहाँका स्थानीय जनसमुदायको सक्रिय प्रयास आवश्यक देखिन्छ । यसो भएमा अवश्य नै सत्यवती मन्दिर परिसरले एउटा गहकिलो नामका रूपमा परिचित हुने अवसर पाउने छ ।

अबको धार्मिक सोच विगतम भन्दा परिस्कृत हुनुपर्दछ । नेपालविगत देखिवर्तमान सम्म धार्मिक सहिष्णुताले परिचित छ । यसलाई अगाडि बढाउनका लागि मन्दिरसँग सम्बन्धितपक्षहरूले पहल गर्नु पर्दछ । हामीलाई थाहा नै छ, बागलुङ आज विभिन्नधार्मिक र सामुदायिक विविधताको साझाथलो बनेको छ । यस पक्षलाई हामी सबैले गम्भीरताका साथ अगाडि बढाउनु पर्दछ ।

यस पवित्र धार्मिक एवम् पर्यावरणीय स्थल सत्यवती मन्दिरका वि.सं. १८१० चढाएको घण्टीले प्रमाणिक लिखित तथ्यको आधारमा त्यस समय (वि.सं. १८१०) भन्दा अगाडि देखी नै मन्दिर स्थापना भएको हुनुपर्ने विश्लेषण गर्न सकिन्छ । तर वि.सं. १८१० देखी भने विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो सीमित दायरालाई व्यापक बनाउँदै

वर्तमान समयमा पुरातातित्वक धरोहरको रूपमा महत्वपूर्ण भूमिका रहेको तथ्य प्रमाणित हुन्छ ।

अन्त्यमा सत्यवती मन्दिरको ठूलो धार्मिक, सामाजिक एवम् वातावरणीय प्रभाव रहेको छ । हामी सर्वप्रथमः सकारात्मक सोचका साथ अगाडि बढ्नु पर्दछ । यसबाट समाजले सक्दो फाइदा प्राप्त गर्न सकोस् र सत्यवती धार्मिक स्थलले आफ्नो परम्परागत परिचयका साथै सान्दर्भिक एवम् समय सापेक्ष नयाँ परिचय प्राप्त गर्न सफल रहोस् भन्ने मनोकामना राख्दछु ।

## ७.२ सुझावहरू

नेपाली समाज धार्मिक सहिष्णुता तथा जातीय सह-अस्तित्व रहेको विश्वमै एउटा अनुपम उदाहरणीय समाज हो । यसको मुख्य श्रेय यहाँको प्राकृतिक सौन्दर्य तथा मठ-मन्दिरहरूलाई जान्छ । तर यहाँ रहेका सबै मठ-मन्दिरहरू स्वदेशी तथा विदेशी पर्यटकहरूमा परिचित नहुनु एउटा दुःखको कुरा हो । यसको मुख्य जिम्मेवार पक्ष सरकारी तथा गैरसरकारी निकायका विभिन्न संघसंस्था तथा यस मन्दिर क्षेत्रसंग सम्बन्धित समिति तथा स्थानीय जनसमुदाय रहेको कुरा यस अध्ययनको क्रममा पाइयो । यही तीतो सत्य सत्यवती मन्दिर क्षेत्रको पनि रहेको पाइएको छ । तसर्थ यस अध्ययनको क्रममा पाएका अनुभवका आधारमा यसका संरक्षण तथा विकासका लागि निम्न सुझावहरूलाई प्रस्तुत गर्न आवश्यक ठान्दछु ।

१. हाम्रो प्राचीन हिन्दू धर्मलाई हिजो-आजको पश्चिमी संस्कृतिबाट जोगाउनका लागि सबै समाजका बासिन्दा तथा बुद्धिजीवी लाग्नुपर्दछ ।

२. मन्दिर व्यवस्थापन समिति र यसका निर्माण कर्ता एवम् स्थानिय जनसमुदाय विच राम्रो समझदारी कायम गरी हातेमालो गरेर यसको विकास निर्माणमा लाग्न पर्ने देखिन्छ ।

३. बागलुङ पर्यटन बोर्ड तथा यस क्षेत्रसंग सम्बन्धित अन्य स्थानीय तथा क्षेत्रीय निकायले यस क्षेत्र प्रति सौतेनी व्यवहार नगरी यसलाई विशेष प्रोत्साहन दिई नमूना क्षेत्र बनाउने तर्फ स्पष्ट गुरूयोजना बन्नुपर्ने देखिन्छ ।

४. यस मन्दिर परिसरको अध्ययनका क्रममा सकारात्मक तथा नकारात्मक दुबै पक्षहरू फेला परे, त्यसैले सकारात्मक पक्षलाई आगामी दिनहरूमा निरन्तरता दिनुपर्दछ

भन्ने नकारात्मक पक्षहरूलाई अध्ययन गरी यसका परिवर्तन र सुधार ल्याउन आवश्यक्ता देखिन्छ ।

५. यो क्षेत्र धार्मिक दृष्टिले मात्र नभई वातावरणीय दृष्टिले समेत महत्वपूर्ण हुँदाहुँदै पनि यसले पर्यटनको क्षेत्रमा त्यति सफलता पाउंन सकेको छैन । त्यसैले यस क्षेत्रलाई "पर्यटकीय स्थल बनाउनका लागि स्थानिय जनसमुदाय तथा अन्य निकायका सम्बन्धित सबै पक्षहरू यसको प्रचार प्रसारमा लाग्नुपर्ने देखिन्छ ।

६. यस क्षेत्रको वनजंगलको संरक्षणको निम्ति यस वनलाई धार्मिक वनमा परिणत गरिनुपर्ने देखिन्छ ।

७. आन्तरिक तथा बाह्य पर्यटकहरूलाई बढी भन्दा बढी आकर्षण गर्नका लागि यस स्थलबाट बागलुङ वरिपरिका डाँडा तथा सुन्दर एवम् मनोरम स्थलहरूको दृश्य देखिने गरी व्यवस्थित बागलुङ दृश्य अवलोकन केन्द्र बनाई स्थानियबासी एवम् आन्तरिक र बाह्य पर्यटकहरूलाई सुविधा दिनुपर्ने देखिन्छ ।

८. यस क्षेत्रमा बैधानिक रूपमा वनजङ्गल कटाई निषेध भएपनि यत्रतत्र काठ तथा अन्य उत्पादन चोरी भएको हुँदा, त्यस्ताको निम्ति कडा कारबाही गर्न आवश्यक पर्नेछ ।

९. यस मन्दिर स्थलमा विभिन्न प्रकारको भाकल गरी देवीका नाममा परेवाहरू ल्याई चढाउने चलन अति राम्रो देखिन्छ तर परेवाहरूलाई व्यवस्थित रूपमा बस्ने तथा तिनीहरूको रेखदेख एवम् संरक्षण प्रति समितीको विशेष ध्यान आकर्षण गराउनु पर्ने आवश्यक्ता देखिन्छ ।

१०. यस क्षेत्रको वरिपरिको वातावरणलाई विग्रन नदिनका निम्ति भोजभतेर र अन्य मनोरञ्जनात्मक कार्यहरू सोही ठाउँमा नराखी मन्दिर भन्दा तलको ठाउँमा निर्माण गर्दा सुनमा सुगन्ध हुने देखिन्छ । यस मन्दिरलाई तुरून्त जिल्ला प्रशासन कार्यालय बागलुङमा दर्ता गरिनुपर्छ । यसको आम्दानी खर्च व्यवस्थित तरिकाबाट पारदर्शी गर्नुपर्ने देखिन्छ । यी सुझावहरूलाई अवलोकन गरी अघि बढ्न सकेमा श्री सत्यवती मन्दिरको भविष्य उज्ज्वल हुने र पर्यावरण सन्तुलन तथा पर्यटन विकासमा ठूलो टेवा पुग्ने देखिन्छ ।

# सन्दर्भसूची

## १.मौलिक स्रोत

### अन्तर्वार्ता लिइएका व्यक्तिहरू

- खत्री, चन्द्र बहादुर - (वर्ष ५९) मन्दिर व्यवस्थापन समितिका अध्यक्ष, बाटाकाचौर ८, साग्दी ।
- घिमिरे, गोविन्द प्रसाद - (वर्ष ६२) मन्दिर व्यवस्थापनका समितिका पूर्व सदस्य, बाटाकाचौर ६, बाहुन्थोक ।
- थापा, लिला बहादुर - (वार्ष ५१) जिल्ला विकास समितिका पूर्व सभापति, हुग्दिशिर ८, गुरूङ्ग धारा ।
- थापा, दिल बहादुर - (वर्ष ६५)मन्दिर व्यवस्थापन समितिका पूर्व सदस्य, हुग्दिशिर ६, वाराकोट
- न्यौपाने, धर्म- (वर्ष ६०) पूर्व पूजारी बाटाकाचौर १, खाल्ले ।
- न्यौपाने, ज्ञानेन्द्र- (वर्ष ५२) पूजारी बाटाकाचौर १, दाद्रा ।
- पौडेल, तुलसीराम- (वर्ष ५६) गा.वि.स. पूर्व अध्यक्ष, बाटाकाचौर ३, नयाँबजार ।
- श्रेष्ठ, हरि बहादुर- (वर्ष ६०) मन्दिर व्यवस्थापन समितिका पूर्व सदस्य, वा.न.पा ४, गुठी ।
- शर्मा, खुमानन्द- (वर्ष ६३) पूर्व पूजारी हुग्दीशिर ५, भेडीखोर ।
- शर्मा, टिकाराम - (वर्ष ४७) तानसेन न.पा. ११ पाल्पा ।
- श्रीश, इन्द्र बहादुर- (वर्ष ३१) मन्दिर व्यवस्थापन समितिका पूर्व अध्यक्ष, बाटाकाचौर ९, साग्दी ।
- श्रीश, पूर्ण - (वर्ष ३४) मन्दिर व्यवस्थापन समितिका पूर्व सदस्य, बाटाकाचौर ८, साग्दी ।

## १. प्रकाशित स्रोत

खत्री, प्रेमकुमार (२०५८), *नेपालको धार्मिक मत र सामाजिक संरचना,* भोटाहिटी, काठमाडौं : एम.के. प्रकाशन ।

गुरुङ, जगमान (२०६१), *नेपालको राष्ट्रिय समिकरणको परिप्रेक्षमा गण्डकी प्रस्रवण क्षेत्रका तीर्थहरुको विष्लेणात्मक अध्ययन,* नेपाल ऐशियाली अध्ययन केन्द्र त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

चापागाई, विश्वनाथ (२०६६), *गोर्खा जिल्लाको एक धार्मिक पर्यटकीय स्थल त्रिवेणी भगवती चितवन,* श्रीमति भगवती गुरुङ् ।

*जिल्ला विकास समिति प्रोफाइल* (२०६४), बागलुङ : जि.वि.स. ।

ढकाल, पुरूषोत्तम (२०६२), *मन्दिरै मन्दिरको देश नेपाल,* ललितपुर : डा. शोभाखर ढकाल ।

दाहाल, पेशल खतिवडा र सोमप्रसाद (२०५८), *नेपालको कला र वास्तुकला,* भोटाहिटी काठमाडौं । एम.के. प्रकाशन ।

निरौला, खगेन्द्र (२०६३), *नेपाल परिचय (नेपाल अध्ययन)* रत्न पुस्तक भण्डार काठमाडौं नेपाल ।

पुरी, उद्यव (२०५८), *पर्यटन र विकास,* काठमाडौं : तलेजु प्रकाशन ।

पोखरेल, खेमराज, कार्की, गोविन्दमान सिंह (२०५५), *पर्यटन र विकास,* काठमाडौंः अनुराग प्रकाशन ।

भट्टराई शर्मा, लोकप्रसाद (२०५४), *धार्मिक सांस्कृतिक र पर्यटन तिर्थ मनकामना,* नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर ।

योगी, नरहरिनाथ (२०३८), *आध्यात्मिक नेपाल एवम् देव देश हिमालयन,* काठमाडौः साझा प्रकाशन ।

राना, राजेन्द्र प्रपन्नाचार्य स्वामी (सन् १९८६), *श्री स्वस्थानी परमेश्वरी वर्तकथा,* वाराणसी : जय नेपाल प्रकाशन ।

लम्साल, अपार कुमार (२०५९), *अन्वेषण,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

श्री ५ को सरकार सुचना तथा संचार मन्त्रालय (२०३१), *मेची देखि महाकाली भाग ३,* काठमाडौं : सूचना विभाग ।

श्रेष्ठ, कल्पना (२०७०), *भक्तपुरको ऐतिहासिक काष्ठकला,* गोपाल धौवन्जार नयाँवानेश्वर, काठमाडौं

शर्मा नेपाल, वसन्तकुमार (२०६३), *गद्य महाभारत,* काठमाडौं : मामा पुस्तक भण्डार ।

क्षेत्री, गणेश, रायमाझी रामचन्द्र (२०५७), *पर्यटन विकास र व्यवस्थापन,* एशिया पब्लिकेशन बागबजार, काठमाडौं ।

क्षेत्री, दिलबहादुर (२०५७), *सिद्ध शक्तिपीट श्री विन्ध्यबासीनी तथा पोखराका केही मठ मन्दिरहरू : सङ्क्षिप्त परिचय,* पोखरा : श्री विन्ध्याबासीनी धार्मिक क्षेत्र विकास समिति ।

**२. अप्रकाशित शोधपत्र :**

गुरूङ्ग, अमृता (२०६४), *श्री भद्रकाली मन्दिरको सामाजिक सांस्कृतिक पर्यावरण सम्बन्धी ऐतिहासिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखराः त्रि.वि. मानविकी तथा शास्त्र संकाय इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

गौतम, कृष्णराज (२०५४), *बागलुङ जिल्लाको सामान्य परिचय,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) पोखराः त्रि.वि. मानविकी तथा शास्त्र संकाय इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, अमृत बहादुर (२०५७) *तनहुँ जिल्ला, तनहुँसुर गा.वि.स.मा रहेका मठ मन्दिर तथा गुठी व्यवस्था : एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) पोखरा : इतिहास तथा संस्कृति विभाग, पृ.ना. क्याम्पस ।

शर्मा, पिताम्बर (२०६९), *नेपालको लोकतान्त्रिक आन्दोलन २०६२/६३ मा बागलुङ्ग जिल्लाको भूमिका,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) पोखराः त्रि.वि.वि., इतिहास तथा संस्कृति विभाग पृथ्वीनारायण क्याम्पस ।